
वैशाख – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क १ | २०८१ वैशाख १-१५ | पूर्णाङ्क ७६३



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ५ | ६ |
| **जम्मा** | **१८** |

| | |
|---|---|
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | २ |
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | १० |
| **जम्मा** | **२५** |

**कूल जम्मा १८ + २५ = ४३**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, वैशाख – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

## सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ३** |
| १. | परमादेश | निरन्जन उप्रेतीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत | १ |
| **इजलास नं. १** | | | **३ - ९** |
| २. | उत्प्रेषणसमेत | कृष्णबहादुर थापासमेत वि. उच्च अदालत पोखरासमेत | ३ |
| ३. | कर्तव्य ज्यान, कुटपिट अङ्गभङ्ग | जिवछ सहलैता यादव वि. नेपाल सरकार, मुनिजी महलैता वि. नेपाल सरकार, नेपाल सरकार वि. जिवछ सहलैता यादवसमेत | ४ |
| ४. | बन्दी प्रत्यक्षीकरण | अमीर गुरूङ वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत | ६ |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अवधेश कुशवाहा भन्ने सुजितकुमार महतो कोइरीसमेत | ७ |
| **इजलास नं. २** | | | **९ – १५** |
| ६. | कर्तव्य ज्यान | महेन्द्र राउत कुर्मी वि. नेपाल सरकार | ९ |
| ७. | बन्दी प्रत्यक्षीकरण | मनोज कर्माचार्य वि. उच्च अदालत पाटनसमेत | १० |
| ८. | अबन्डा जग्गा बन्डा | उमाशंकर साह वि. महाशंकर साहसमेत | १० |
| ९. | अंश चलन | महरनीया चौधरी वि. कलामती चौधरी | ११ |
| १०. | बन्दी प्रत्यक्षीकरण | राधिका बुढाथोकी वि. उच्च अदालत पाटनसमेत | १२ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सार्की मगर | १३ |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डालिबाउ भन्ने भीमदल गुरूङ | १४ |
| **इजलास नं. ५** | | | **१५ – २१** |
| १३. | जबरजस्ती करणी | नेपाल सरकार वि. श्रीमान् गुरूङ | १५ |
| १४. | बन्दी प्रत्यक्षीकरण | पवित्रा परियार वि. सुनिल कार्कीसमेत | १५ |
| १५. | निषेधाज्ञा | शोभाकुमारी निरौलासमेत वि. ३ नं. प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं. ९ स्थित धर्मपथ टोल विकास संस्थासमेत | १६ |

| | | | |
|---|---|---|---|
| १६. | कर्तव्य ज्यान | रमेश दुरैली बि.क.समेत वि. नेपाल सरकार | १७ |
| १७. | जबरजस्ती करणी | सुवास भन्ने सर्मन्त दोलाई वि. नेपाल सरकार | १९ |
| १८. | निषेधाज्ञा | डा.भाइकाजी तिवारी वि. निर्मलकुमार श्रेष्ठ | २० |
| **इजलास नं. ६** | | | **२१ – २८** |
| १९. | उत्प्रेषणसमेत | भोगेन्द्र यादव वि. उच्च अदालत जनकपुर राजविराज इजलाससमेत | २१ |
| २०. | जबरजस्ती करणी र कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्दिपकुमार धोवी, नेपाल सरकार वि. सन्दिपकुमार धोवी | २३ |
| २१. | दर्ता बदर दर्तासमेत | सीतादेवी पौडेल वि. प्रेमबहादुर रंजितकार | २४ |
| २२. | दर्ता बदर दर्तासमेत | हर्षमान महर्जन वि. प्रेमबहादुर रंजितकार, सीतादेवी पौडेल वि. प्रेमबहादुर रंजितकार | २४ |
| २३. | उत्प्रेषणसमेत | आङनिमा शेर्पा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | २६ |
| २४. | जग्गा खिचोला चलन | प्रमेश्वर यादवसमेत वि. रामनाथ यादव | २७ |

| | | | |
|---|---|---|---|
| २५. | लिखत दर्ता बदर दर्ता कायम | फेकनीदेवी यादव वि. दुखा भन्ने कामेश्वर साहसमेत | २७ |
| **इजलास नं. ७** | | | **२८ – २९** |
| २६. | वैदेशिक रोजगार कसुर | रामबाबु दाहाल वि. नेपाल सरकार | २८ |
| २७. | उत्प्रेषण / परमादेश | मनिराम तामाङसमेत वि. धुनिमायाँ तामाङसमेत | २९ |
| **इजलास नं. ८** | | | **२९ – ३२** |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रूपबहादुर पुर्जासमेत, रूपबहादुर पुर्जा पुनसमेत वि. नेपाल सरकार | २९ |
| २९. | मोही नामसारी | तेतेरी कनुइन वि. वैद्यनाथ लाल | ३० |
| **इजलास नं. १०** | | | **३२ – ३६** |
| ३०. | मोही प्रमाणपत्र | मनोजकुमार शर्मा वि. सियाराम कापर केवट | ३२ |
| ३१. | मोही प्रमाणपत्र | सहमुद्धिन मिया वि. जीवछ पासवान | ३३ |
| ३२. | बन्दी प्रत्यक्षीकरण | महमुद आलम गद्दी वि. जिल्ला कारागार कार्यालय, नवलपरासी रामग्रामसमेत | ३४ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | संजय भन्ने सन्जे दमाई परियार वि. काठमाडौं जिल्ला अदालत, लगत शाखासमेत | ३५ |

| इजलास नं. ११ | | | ३६ – ४४ |
| --- | --- | --- | --- |
| ३४. | बन्दी प्रत्यक्षीकरण | सागर गुप्ता वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत | ३६ |
| ३५. | बन्दी प्रत्यक्षीकरण | प्रकाश साह वि. सेतु बन्धु भन्सार कार्यालय, कोशी ब्यारेज सुनसरीसमेत | ३७ |
| ३६. | बन्दी प्रत्यक्षीकरण | ललित बानिया वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत | ३७ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | सुरेश बल वि. जलेश्वर भन्सार कार्यालय, मालिवाडा, महोत्तरीसमेत | ३८ |
| ३८. | उत्प्रेषण / परमादेश | नविन ढकाल वि. तिलोत्तमा नगरपालिकाको कार्यालय, मणिग्राम, रूपन्देही, प्रदेश नं. ५ समेत | ३९ |
| ३९. | बैंकिङ कसुर | सुशिल नेपाल वि. नेपाल सरकार | ३९ |
| ४०. | बैंकिङ कसुर | दिलिप कुमार कार्की वि. नेपाल सरकार | ४१ |
| ४१. | उत्प्रेषण | लिलावती चन्दसमेत वि. कञ्चनपुर जिल्ला अदालत, महेन्द्रनगरसमेत | ४२ |
| ४२. | बन्दी प्रत्यक्षीकरण | अविनाश चौधरी वि. उच्च अदालत पाटन, संयुक्त वाणिज्य इजलास, ललितपुरसमेत | ४३ |
| ४३. | उत्प्रेषणसमेत | शुभलक्ष्मी मेटल इन्डस्ट्रिज प्रा.लि., बारासमेत वि. श्रम अदालत, काठमाडौंसमेत | ४४ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WO-००३२, परमादेश, निरन्जन उप्रेतीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

नेपालमा हालसम्म मानव दुध बैंक स्थापना भएको नदेखिए तापनि सो सम्बन्धमा कुनै कानूनी व्यवस्था रहेका छन् या छैनन् भन्नेतर्फ हेर्दा आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ मौजुद रहेको देखिन्छ । स्तनपानको संरक्षण र संवर्धनतथा आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुलगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरूको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न यो ऐन बनाइएको भन्ने बेहोरा सो ऐनको प्रस्तावनामा उल्लेख भएको पाइन्छ । सोही ऐनले दिएको अधिकारको प्रयोग गरी आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) नियमावली, २०५१ बनाइएको अवस्था छ। उपर्युक्त उल्लिखित ऐन र नियमावलीले समेत मानव दुध बैंकको स्थापनाका सम्बन्धमा समेट्न सकेको देखिएन। तथापि हालसालै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकारको प्रयोग गरी स्तनपान व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७९ जारी गरिसकेको देखिन्छ । सोको प्रस्तावनामा स्तनपान शिशुका लागि अमृत समान र बाल अधिकारको आधारभूत पक्ष भए तापनि नेपालमा स्तनपानको दर घट्दो क्रममा रहेको र स्तनपानलाई प्रतिस्थापन गर्ने वस्तुको बजारीकरण तथा बोतलपानको दर बढिरहेको वर्तमान परिप्रेक्ष्यमा स्तनपानको प्रवर्धन, संरक्षण र सहयोग गर्न तथा कृत्रिम दुधको उपभोगलाई निरूत्साहित गरी शिशुको सर्वाङ्गीण विकासमा योगदान गर्ने स्तनपान व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले जनस्वास्थ्य सेवा ऐनले दिएको अधिकारको प्रयोग गरी यो निर्देशिका जारी भएको बेहोरा उल्लेख भएको देखिन आयो । प्रस्तुत निर्देशिकाको परिच्छेद ३ मा स्तनपान व्यवस्थापन केन्द्रको व्यवस्था रही सोको अवधारणाअन्तर्गत सेवा प्रवाहका दृष्टिकोणले स्तनपान व्यवस्थापन केन्द्रलाई बृहत् स्तनपान व्यवस्थापन केन्द्र, स्तनपान व्यवस्थापन इकाइ, स्तनपान सहयोग इकाइ र बृहत् स्तनपान व्यवस्थापन केन्द्र र स्तनपान व्यवस्थापन इकाइबिचको अन्तर सम्बन्ध गरी चार भागमा वर्गीकरण गर्न सकिने बेहोरा उल्लेख भएको देखिन्छ। अनुसूची १ मा उल्लेख भएका पूर्वाधार पूरा गरेका अस्पतालहरूमा बृहत् स्तनपान व्यवस्थापन केन्द्र स्थापना गरिने बेहोरा उल्लेख छ । हाललाई पहिलो चरणका रूपमा परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथलीमा यस्तो केन्द्र स्थापना हुने र सरकारले आवश्यकताको पहिचान र स्रोतको उपलब्धताका आधारमा यस्तो बृहत् स्तनपान केन्द्र थप विस्तार गर्दै जाने छ भन्ने प्रस्ट उल्लेख गरिएको छ । प्रस्तुत निर्देशिका जारी भइसकेको अवस्था र हालै यही भाद्र ३ गतेदेखि पहिलो चरणमा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीलाई बृहत् स्तनपान केन्द्रको रूपमा स्थापना गरी आमाको दुध भण्डारण गर्न मिल्ने ह्युमेन मिल्क बैंक अमृत कोष सञ्चालनमा ल्याई सेवा प्रदान गर्न थालिसकेको अवस्था छ । निवेदकले माग गरेको प्रस्तुत रिट निवेदनको विषयवस्तुलाई सरकारले सम्बोधन गरिसकेको देखिन आयो । यो निर्देशिका जारी भएको कुरा र बृहत् स्तनपान व्यवस्थापन केन्द्रको रूपमा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीलाई तोकी सेवा प्रवाह सुचारू भएको कुरालाई दुबै पक्षले पेस गरेको बहस नोटमा स्वीकार गरेको देखिन्छ । यसस्थितिमा निवेदन माग

दाबीको औचित्य समाप्त भएको देखिँदा दाबीबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन ।

जहाँसम्म यी रिट निवेदकले बहस नोट पेस गर्ने क्रममा थापाथली स्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा जन्मिएकाबाहेक देशभरका अन्य कहीँ पनि जन्मिएका शिशुलाई मानव दुध उपलब्ध गराउने गरी मानव दुध बैंकको स्थापना र सञ्चालन नहुँदा बालबालिकाको पोषण स्वास्थ्य, बाल अधिकार र जीवनको अधिकारमा प्रत्यक्ष गम्भीर असर पर्न गएको हुँदा देशका अन्य स्थानहरूमा समेत मानव दुध बैंकको स्थापना र सञ्चालन गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने सबाल उठाउनु भएको छ । सो सम्बन्धमा विचार गर्दा हालै जारी भएको स्तनपान व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७९ को प्रस्तावनालगायत अन्य कहीँकतै पनि थापाथली स्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा जन्मिएका शिशुलाई मात्र मानव दुध उपलब्ध गराउने गरी मानव दुध बैंकको स्थापना भएको भन्ने बेहोरा उल्लेख भएको देखिँदैन । प्रस्तुत निर्देशिकामा उल्लिखित व्यवस्थाबमोजिम यही भाद्र ३ गतेदेखि परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीमा बृहत् स्तनपान व्यवस्थापन केन्द्र स्थापना भई सञ्चालनमा आइसकेको अवस्था छ भने सरकारले आवश्यकता पहिचान र स्रोतको उपलब्धताका आधारमा यस्तो बृहत् स्तनपान केन्द्र थप विस्तार गर्दै जाने प्रतिवद्धता जाहेर गरिसकेको स्थितिमा बहस नोटमा उठाइएको उपर्युक्त उल्लिखित सवालबमोजिम समेत परमादेशको आदेश जारी गर्नुपर्ने देखिन आएन । यसरी सरकारले स्तनपान व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७९ जारी गरी लागु भइसकेको र सोही निर्देशिकामा उल्लिखित व्यवस्थाबमोजिम निश्चित पूर्वाधार पूरा गरेका अस्पतालहरूमा यस्ता केन्द्रहरूको थप विस्तार गर्दै जाने भन्ने बेहोरालाई अन्यथा भन्न मिल्ने देखिएन । यस परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएको देखिन आयो । तथापि रिट निवेदकहरूले आमाको दुध बच्चाका लागि अमृत समान हुन्छ, आमाको दुधको उत्तम विकल्प मानव दुध नै हुन्छ अरू हुन सक्दैन भन्ने तथ्यलाई अङ्गीकार गरी जन्मनेबित्तिकै स्तनपान गर्न पाउनु शिशुको नैँसर्गिक अधिकार हो भन्ने जस्तो गम्भीर विषयवस्तुलाई उठान गरी प्रस्तुत निर्देशिका जारी हुनुअगावै मानव दुध बैंकको स्थापना र सञ्चालनसम्बन्धी निर्देशिका बनाई उपर्युक्त र आवश्यक स्थानहरूमा तत्काल मानव दुध बैंकको स्थापना गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाउनका निम्ति २०७६ साल श्रावण १० गते प्रस्तुत रिट निवेदन दायर गरी निरन्तररूपमा खोज अनुसन्धानमा क्रियाशील रही विषयवस्तुलाई निष्कर्षमा पुऱ्याउन खेल्नु भएको भूमिका प्रशंसनीय रहेको यो इजलास अनुभूति गर्ने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट निवेदकले स्वस्थ पुस्ता निर्माण गर्नका खातिर यथाशीघ्र मानव दुध बैंकको स्थापना र सञ्चालनसम्बन्धी निर्देशिका बनाई उपर्युक्त र आवश्यक स्थानहरूमा तत्काल मानव दुध बैंकको स्थापनाको प्रयोजनार्थ विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी उपचार माग गरेको विषय सरकारले हालै जारी गरेको स्तनपान व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०७९ बाट सम्बोधन भइसकेको स्थिति छ । सोही निर्देशिकामा उल्लेख भएबमोजिम २०७९ साल भाद्र ३ गतेदेखि परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीलाई बृहत् स्तनपान केन्द्रको रूपमा स्थापना गरी सञ्चालनमा ल्याइसकेको अवस्था हुँदा र सरकारले निश्चित पूर्वाधारहरू पूरा गरेको अस्पतालहरूमा आवश्यकता र स्रोतको उपलब्धताका आधारमा यस्ता बृहत् स्तनपान व्यवस्थापन केन्द्रहरू थप विस्तार गर्दै जाने भन्ने प्रतिवद्धता जाहेर गरेको देखिएको परिप्रेक्ष्मा निवेदन माग दाबीबमोजिम थप उपचार प्रदान गर्नुपर्ने अवस्था र स्थितिको विद्यमानता

रहेको देखिएन । प्रस्तुत निवेदनमा लिइएको दाबीको औचित्य समाप्त भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल कार्तिक १५ गते रोज ३ शुभम् ।

**इजलास नं.१**

**२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७९-WO-००९९, उत्प्रेषणसमेत, कृष्णबहादुर थापासमेत वि. उच्च अदालत पोखरासमेत*

वादीका ससुरा एवं प्रतिवादी होमबहादुर थापाको तर्फबाट कास्की जिल्ला अदालतमा निवेदन परेकोमा बन्डा छुट्याउन जाँदा मानाचामलको बिगोको सम्बन्धमा कानूनले निर्दिष्ट गरेको कार्यविधि नै अवलम्बन नगरी बन्डा छुट्याउँदा नै बिगोबापत जग्गा छुट्याइदिने गरी भएको मिति २०७८।०९।६ को बन्डा मुचुल्का कानूनतः मिलेको नदेखिएको स्थितिमा तहसिलदारबाट मिति २०७८।९।१८ मा भएको आदेश मिलेको नदेखिँदा उक्त आदेश र बन्डा मुचुल्कासमेत बदर गरिदिएको छ । अब बन्डा छुट्याउनेतर्फ अलग्गै र बिगो भराउनेतर्फ अलग्गै कार्यविधिको अवलम्बन गरी यथाशीघ्र फैसला कार्यान्वयन गर्नु भनी कास्की जिल्ला अदालतबाट मिति २०७९।२।२७ मा आदेश भएको देखिन्छ । कास्की जिल्ला अदालतबाट मिति २०७९।२।२७ गते भएको आदेश बदर गरिपाउँ भनी पुनः प्रतिवादी होमबहादुर थापाले उच्च अदालत पोखरामा निवेदन दिएकोमा उक्त अदालतबाट सर्वोच्च अदालतमा दोहोर्‍याइपाउँ भन्ने निवेदन परेकोमा हालसम्म दोहोर्‍याइपाउँ भन्ने निवेदनमा निस्सा (अनुमति प्राप्त) भएको नदेखिएको निवेदकको मागबमोजिम फैसला कार्यान्वयनतर्फको कार्य रोकिराख्नुपर्ने अवस्था नदेखिँदा कास्की जिल्ला अदालतबाट मिति २०७९।२।२७ मा भएको आदेशलाई बेरितको मान्न मिलेन, कानूनबमोजिम गर्नु भन्नेसमेत बेहोराको मिति २०७९।४।१२ मा उच्च अदालत पोखराबाट आदेश भएको देखिने ।

कास्की जिल्ला अदालतको तहसिलदारबाट अंश मुद्दाको फैसला कार्यान्वयनको क्रममा भएको बन्डा मुचुल्काउपर वादीका ससुरा एवं प्रतिवादी होमबहादुर थापाले उजुर गरी जिल्ला अदालतबाट बदर हुने गरी आदेश भएकोमा सो आदेशानुसार बन्डा छुट्याउने प्रक्रिया पुन: प्रारम्भ हुने नै देखियो । यी निवेदकहरूले मूलतः फैसला कार्यान्वयनको कार्य रोक्न माग गरे तापनि अंश मानचामलसमेतका मुद्दा उच्च अदालत पोखराबाट फैसला भई अन्तिम भएर बसेको देखिन्छ । कुनै मुद्दामा अधिकारप्राप्त निकायबाट अन्तिम फैसला भइसकेपछि पक्षहरूको सो फैसलाबाट सिर्जित हक अधिकार प्रचलन गराइदिने दायित्व फैसला अन्तिमताको सिद्धान्त अनुसार अदालतको नै हुन्छ । फैसलाबाट सिर्जित पक्षहरूको हक अधिकार सो फैसला कार्यान्वयन गराई प्रचलन नगराएसम्म अन्यायमा परेको पक्षले न्यायको अनुभूति गर्न सक्दैनन् । यी निवेदकले दिएको निवेदनकै आधारमा अन्तिम भइसकेको फैसलाको कार्यान्वयनको कार्य रोक्का राख्न मिल्ने नदेखिँदा यी निवेदकले दिएको निवेदन अनुसार फैसला कार्यान्वयनको कार्यलाई रोक्का राख्न नमिल्ने गरी भएको आदेशबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी अधिकारमा प्रत्यक्ष आघात परेको देखिँदैन । साथै यिनै निवेदकले दिएको अंश मानाचामलसमेतका मुद्दामा दोहोर्‍याइपाउँ निवेदनमा आजै यसै इजलासबाट मुद्दा दोहोर्‍याइपाउँ अनुमति नहुने गरी आदेश भएको अवस्थामा अंश मुद्दाको फैसला कार्यान्वयन रोक्का गर्न नमिल्ने भनी निर्णयसमेत भएको छ । यस अवस्थामा उच्च

अदालत पोखराबाट २०७९।४।१२ मा भएको आदेश त्रूटिपूर्ण देखिन आएन। निवेदकको मागबमोजिमको रिट निवेदन जारी हुनेसम्मको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने देखिने।

अंश मुद्दाको फैसला कार्यान्वयन रोक्का गर्न नमिल्ने भनी उच्च अदालत पोखराबाट २०७९।४।१२ मा भएको आदेश त्रूटिपूर्ण देखिन आएन। निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपर्नेसम्मको अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-CR-०४२९, ०७१-CR-०४९३, ०७१-CR-०६६१, कर्तव्य ज्यान, कुटपिट अङ्गभङ्ग, जिवछ सहलैता यादव वि. नेपाल सरकार, मुनिजी महलैता वि. नेपाल सरकार, नेपाल सरकार वि. जिवछ सहलैता यादवसमेत*

घटना विवरण कागज गर्ने सलिम मियाले अदालतमा उपस्थित भई मृतक रसुल मियाको टाउकोमा प्रतिवादीमध्ये जिवछ सहलैताले काठको चिरूवाले हानेको भनी तथा प्रतिवादी मुनिजी सहलैताले लाठीले मृतकको जिउमा हानेको भनी बकपत्र गरेको र मृतक रसुल मियाको मृत्युको कारण Head injury produced by blunt force भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएबाट मुनिजी सहलैताले मृतकको जिउमा हानेको चोटका कारण निजको मृत्यु भएको नभई प्रतिवादी जिवछ सहलैताले काठको चिरपटले टाउकोमा हानेको चोटका कारणबाट घाइते भई उपचारको क्रममा निजको मृत्यु भएको तथ्य मिसिलबाट खुल्ने।

प्रतिवादी जिवछ सहलैताले काठको चिरपटले मृतकको टाउकोजस्तो संवेदनशील अङ्गमा ५ से.मि.को घाउ बनाई घाउबाट भित्रको हड्डीसमेत देखिने गरी प्रहार गरेको अवस्था हुँदा मानिस मर्लाजस्तो परिस्थिति प्रहारकर्ताले उसैबखत देखेको हुन्छ। काठको चिरपटजस्तो कडा वस्तुले झै-झगडा हुँदा टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मानिस मर्न सक्ने सामान्य समझको कुरा हो। प्रहारकर्तालाई अकस्मात आफूले गरेको कार्यको परिणामको बारेमा थाहा जानकारी नभई भएका घटनाबाट मानिस मर्लाजस्तो नदेखिएको हुनुपर्ने उक्त ज्यानसम्बन्धी महलको ५ नं.को मनसाय हो। लौका चोरी गरेको विषयमा वादविवाद भएको र चिरपटले मृतकको टाउकोमा प्रतिवादी जिवछ सहलैताले प्रहार गर्ने कार्यबाट घाइते भएका रसुल मियाको सोही चोटका कारण मृत्यु भएको पुष्टि भएको हुँदा यो वारदात भवितव्यको कसुरतर्फ आकर्षित हुने देखिएन। मृतकको शव परीक्षण प्रतिवेदनबाट Cause of death is due to coma as a result of head injury produced by blunt force भन्ने देखिएकोसमेतका प्रमाणबाट मृतकको मृत्यु भवितव्यबाट भएको नदेखिँदा भवितव्य ठहर गरेको हदसम्म तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला र आरोपित कसुरबाट आफूले सफाइ पाउनुपर्ने भन्ने पुनरावेदक प्रतिवादी जिवछ सहलैताको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रस्तुत विवादमा मिति २०६४।०१।०१ गते साँझ ७:०० बजेतिर प्रतिवादी जिवछ सहलैताले जाहेरवालाको खेतमा फलेको लौका चोरी गरेको भन्ने विषयमा विवाद झैझगडा भएको पाइन्छ। घटनास्थलमा उपस्थित जाहेरवालाका हजुरबुवा रसुल मियाको टाउकोमा प्रतिवादी जिवछ सहलैताले साधारण काठको चिरपटले प्रहार गर्दा मृतकको टाउकोमा ५ से.मि. लम्बाइको छाला काटिएको घाउ रहेको र घाउबाट भित्रको हड्डीसमेत देखिने।

यसबाट घाइते रसुल मियाको टाउकोको हड्डीसमेत Fracture भई दिमागमा रगत जमी उपचारको क्रममा मिति २०६४।०१।०३ गते बिहान ६:३० बजेतिर निजको मृत्यु भएको देखिन्छ । प्रतिवादी जिवछ सहलैताले मृतकलाई मार्ने उद्देश्य र मनसायसहित हत्या गरेको भन्ने नदेखिई उसैबखत उठेको रिस थाम्न नसकी साधारण काठको चिरपटले मृतकलाई प्रहार गर्दा घाइते हुन गई उपचारको क्रममा निजको मृत्यु भएकोले तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्या गरेको भन्ने तथ्य मिसिलबाट खुल्ने।

तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादी जिवछ सहलैताले प्रहार गरेको कडा वस्तु काठको चिरपटले टाउकोमा लाग्न गएको चोटपीरका कारण घाइते भएकोमा निको नभई उपचारको क्रममा मृतक रसुल मियाको मृत्यु भएको देखिएकोले निज पुनरावेदक प्रतिवादी जिवछ सहलैतालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम आवेशप्रेरित हत्यातर्फ नै सजाय हुनुपर्ने देखिने।

प्रतिवादीहरूमध्ये पुनरावेदक प्रतिवादी मुनिजी सहलैता अदालतमा बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कार रहेको देखिन्छ । उक्त इन्कारी बयान निजका साक्षी हरिनारायण यादवले अदालतमा गरेको बकपत्रबाट समर्थित भइरहेको पाइन्छ । वारदातमा संलग्न मुख्य आरोपी पुनरावेदक प्रतिवादी जिवछ सहलैताले मौकामा बयान गर्दा मुनिजी सहलैतालाई पोल गरी बयान गरे तापनि घटनाका प्रत्यक्षदर्शी महेवुल राइनले अदालतमा बकपत्र गर्दा प्रतिवादी मुनिजी सहलैताले मृतक रसुल मियाको देह अर्थात् जिउमा लाठी प्रहार गरेको भनी बकपत्र गरेको देखिन्छ। अर्का प्रत्यक्षदर्शी जाहेरवाला तहेवुल मियाले अदालतमा उपस्थित भई प्रतिवादी जिवछ सहलैताले रसुल मियालाई काठको चिरपटले टाउकोमा हिर्काई मारेका हुन् भनी तथा मुनिजी सहलैताले मृतक रसुल मियालाई लाठीले हिर्काएका हुन् भन्ने लेखाइदिएको देखिन्छ । तर मुनिजी सहलैताले मृतकको टाउकोमा प्रहार गरेको भनी बकपत्रमा लेखाउन नसकेको।

मृतक रसुल मियाको मृत्यु निजको टाउकोमा कडा वस्तुको प्रहारबाट लाग्न गएको चोटका कारणबाट भएको भन्ने शव परीक्षण प्रतिवेदनसमेतबाट देखिएकोले यी पुनरावेदक प्रतिवादी मुनिजी सहलैताको प्रहारबाट रसुल मियाको मृत्यु भएको पुष्टि हुन नआएको अवस्थामा निज पुनरावेदक प्रतिवादी मुनिजी सहलैताले मृतकलाई मार्नेसम्मको कसुर गरेको पुष्टि हुन नआएकाले निजलाई सफाइ दिनुपर्नेमा अभियोग दाबीबमोजिम सजाय हुने ठहर गरेको सुरू फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम १ वर्ष ६ महिना कैद सजाय हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला सो हदसम्म मिलेको देखिने।

सुरू जिल्ला अदालतबाट मिति २०६७।०३।०९ मा पीडितको हात काम लाग्ने नलाग्ने के अवस्थामा छ भन्ने सम्बन्धमा सरकारी वकिलमार्फत पीडितलाई झिकाई जनकपुर अञ्चल अस्पतालमा जाँच गर्न पठाउनु भनी भएको आदेशानुसार हातको अवस्था जाँच गराउन जिल्ला सरकारी वकिल कार्यालय, धनुषामार्फत अदालतमा उपस्थित हुन आएको देखिँदैन। तसर्थ उपचारपश्चात् पीडितको हात काम लाग्ने अवस्थामा रहेको भन्ने पुष्टि हुन आएकोले अङ्गभङ्गतर्फ अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय नगरेको हदसम्म तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा नमिल्ने।

पुनरावेदक प्रतिवादी जिवछ सहलैताको ज्यान मार्नेसम्मको योजना, मनसाय र पूर्वरिसइवीसमेत भएको देखिएन । तथापि लौका चोरी गरेको विषयमा

उठेको विवादका कारण एकआपसमा कुटपिट हुँदा उसै मौकामा उठेको रिस थाम्न नसकी पुनरावेदक प्रतिवादी जिवछ सहलैताले काठको चिरपटले मृतक रसुल मियाको टाउकोमा प्रहार गरेको देखिन्छ। सो प्रहारबाट मृतकको टाउकोको हड्डीसमेत Fracture भई दिमागमा रगत जमी घाइते रसुल मियाको उपचारको क्रममा मृत्यु भएको पाइयो। तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम निज पुनरावेदक प्रतिवादी जिवछ सहलैतालाई दश वर्ष कैद गर्नुपर्नेमा अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६८।०२।२५ को फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम १ वर्ष ६ महिना कैद हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०७०।१०।२२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी जिवछ सहलैतालाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम दश वर्ष कैद हुने।

अर्का पुनरावेदक प्रतिवादी मुनिजी सहलैताले सुरू अदालतमा आरोपित कसुरमा इन्कार रहेर बयान गरेको देखिन्छ। उक्त इन्कारी बयान निजका साक्षी हरिनारायण यादवले मुनिजी सहलैता वारदातमा संलग्न नभएको भनी अदालतमा गरिदिएको बकपत्रबाट समर्थित भएको पाइन्छ। निजले मृतकको टाउकोमा प्रहार गरेको भन्ने प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा निज पुनरावेदक प्रतिवादी मुनिजी सहलैतालाई अभियोग दाबीबाट सफाइ दिनुपर्नेमा जन्मकैदको सजाय हुने ठहर गरेको सुरू फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम १ वर्ष ६ महिना कैद हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०७०।१०।२२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी मुनिजी सहलैताले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७९ साल भाद्र ९ गते रोज ५ शुभम्।

## ४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोज कुमार शर्मा**, ०७८-WH-०२६६, बन्दीप्रत्यक्षीकरण, अमीर गुरूङ वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत

निवेदक शुकबहादुर वि.क.को जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा भएको जन्मकैदको सजायबमोजिम कैदी पुर्जी पाई कैदमा बसिरहेको अवस्थामा विनु रायमाझीसमेतको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा जन्मकैद हुने गरी अन्तिम फैसला भएको अवस्थामा दुवै मुद्दाको कैद हद गरिपाउँ भनी निवेदन दिँदा सुरू चितवन जिल्ला अदालतले पहिलेको शुकबहादुर वि.क.को जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा बसेको कैद अवधि भुक्तान भएपछि पछिल्लो विनु रायमाझीसमेतको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा लागेको कैद वर्ष ४ थप गरी संशोधित कैदी पुर्जी दिएकोमा पक्राउ परेको मिति २०६८।०६।१० बाटै दुवै कलमको कैद हद गरिपाउँ भनी पुनः निवेदन दिएकोमा यिनै निवेदनको यिनै मुद्दाहरूमा लागेको कैद हद गरी एक पटक कैदी पुर्जी संशोधन गरी कैदी पुर्जी जारी मिति २०७२।२।३१ मा गरिसकेको अवस्थामा पुनः कैद हद गरिरहन परेन भनी सुरू चितवन जिल्ला अदालतका तहसिलदारबाट मिति २०७८।०३।३१ मा आदेश भएको पाइन्छ। सो आदेशउपर प्रतिवादीको साबिक मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिम चितवन जिल्ला अदालतमा निवेदन परेकोमा प्रतिवादी अमिर गुरूङ्गको हकमा मिति २०७२।०२।३१ मा कैद वर्ष २० मा थप ४ वर्ष कैद हद गरी संशोधित कैदी

पुर्जी जारी गरिएकोमा पुनः निवेदनबमोजिम कैद हद गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा कैद हद गर्नु परेन भन्नेसमेत बेहोराको मिति २०७८।०५।१८ मा चितवन जिल्ला अदालतबाट आदेश भएको पाइन्छ । सो चितवन जिल्ला अदालतको आदेशमा चित्त नबुझाई यी निवेदक फौजदारी कसुर कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम उच्च अदालत पाटन हेटौँडा इजलासमा निवेदन दिएकोमा सो अदालतले साबिक मुलुकी ऐन दण्ड सजायको ८ नं. मा भएको व्यवस्थाबमोजिम सर्वश्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा कैद वा थुनामा बसेको अवस्थामा फेरि जन्मकैदको सजाय हुने थप गरेकोमा जन्मकैद भोगी छुटी जाने भएमा ४ वर्ष थपी कैद सजाय गर्नुपर्दछ भन्ने कानूनी व्यवस्थाबमोजिम यी निवेदक कर्तव्य ज्यान मुद्दामा थुनामा रहेको अवस्थामा अर्को कर्तव्य ज्यान मुद्दाको वारदात घटाई सजाय भएको देखिएको अवस्थामा निजलाई कैद वर्ष २० मा थप ४ वर्ष कैद हद गरी संशोधित कैदी पुर्जी जारी गरिएकोमा पुनः कैद हद गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा कैद हद गर्नुपरेन भनी तहाँ अदालतको तहसिलदारबाट भएको आदेशलाई सदर गर्ने गरी जिल्ला न्यायाधीशबाट भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहन परेन भनी मिति २०७८।१२।१७ मा आदेश भएको पाइने।

उक्त दण्ड सजायको महलको ८ नं. को कानूनी व्यवस्था विशेष गरेर पटकपटक अपराध गर्ने व्यक्तिलाई कानूनले सजाय हुने कसुरको थप कैद सजाय हुने व्यवस्था गरेको पाइन्छ । अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा पटके अपराधीहरूलाई थप दण्ड दिइनुपर्ने मान्यता नै हो । कैद थुनामा बसेको अवस्थामा फेरि जन्मकैदको सजाय हुने खत गरेमा जन्मकैद भोगी छुट्न पाउने भएपछि चार वर्ष थपी कैद गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखियो । सो दण्ड सजायको ८ नं. मा कसुरदारले अर्को कसुर गरेमा "थप" कैद गरिनुपर्ने स्पष्ट व्यवस्था रहेको छ । जन्मकैदको कसुरमा कैदमा बसेको व्यक्तिले थुनामा फेरि जन्मकैदकै अर्को कसुर गरेकोमा थप कैद गरिनुपर्ने कानूनी व्यवस्थाले पटके कसुरदारलाई थप कैद हुने कानूनको मनसाय रहेको पाइन्छ । सो दफामा प्रयुक्त "थप" कैद गर्नुपर्ने भन्ने वाक्यांशले निवेदकले भोगिरहेको जन्मकैदको सजायमा छुट्न पाउने भएपछि चार वर्ष थपी कैद गर्नुपर्ने हुन्छ । अत: यस सम्बन्धमा निवेदनको हकमा जिल्ला अदालतबाट मिति ०७२।२।३१ मा संशोधित कैदी पुर्जी जारी भइसकेको देखियो । पुनः निवेदकले सोही कानूनी प्रश्न उठाई कैद हद कायम गरिपाउँ भनी दिएको निवेदनमा उल्लिखित कानूनी व्यवस्था अनुसार निवेदकको हकमा कैद हद गरी ०७२ सालमा नै संशोधित कैदी पुर्जी दिई निजको कैद हद गरिसकेको पनि पाइयो । तसर्थ चार वर्ष कैद थप गर्ने गरी मिति २०७२।२।३१ मा आदेश भइसकेकोमा सोही विषयमा पुनः कैद हद गर्न नमिल्ने भनी चितवन जिल्ला अदालतका तहसिलदारको मिति २०७८।०३।३१ मा भएको आदेशलाई सदर गर्ने जिल्ला न्यायाधीशबाट मिति २०७८।०५।१८ मा भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौँडा इजलासको मिति २०७७।१२।१७ को आदेश कानूनसङ्गत नै रहेको देखिने।

अत: निवेदन माग दाबीअनुसार कैदीपुर्जी संशोधन गर्नपर्ने अवस्था देखिन नआई मागबमोजिम आदेश जारी गरिरहनुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत, भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ १४ गते रोज ३ शुभम्।

## ५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-CR-०९४५, कर्तव्य ज्यान, नेपाल सरकार वि. अवधेश कुशवाहा भन्ने*

*सुजितकुमार महतो कोइरीसमेत*

आफ्नो लोग्ने मृतक सुरेश राउत कुर्मीलाई यी प्रतिवादीहरूले नै गोली हानी मारेको भनी शान्तिदेवीले दिएको निवेदनमा उल्लेख गरेको नदेखिने।

प्रतिवादीहरूमध्ये सुजितकुमार महतो कोइरी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष तथा प्रतिवादीहरू राजाराम राउत, उदयशंकर महतो र हरदेव हजराले अदालतसमक्ष आरोपित कसुरमा इन्कार रहेर बयान गरेको देखियो । जाहेरवाला अखिलेशकुमार पटेलले वारदातको समयमा आफू घरमा भएको, गोली हानेको नदेखेको, आवाज सुनेको, घरपरिवारको सल्लाहमा सच्याएर जाहेरी दिएको भनी बकपत्र गरेको पाइयो। बुझिएका मानिसहरूमध्ये भगौर हजराले मृतकलाई कसले मार्‍यो थाहा छैन भनी तथा गजेन्द्र पासवानले गोली हानेको देखिनँ भनी बकपत्र गरेको देखियो । सोबाहेक वादी नेपाल सरकारको तर्फबाट अन्य साक्षीहरू अदालतमा आई बकपत्र गरेको नदेखिने।

प्रत्यर्थी प्रतिवादीहरूको साथबाट वारदातसँग सम्बन्धित कुनै हतियार फेला परी बरामद भएको पनि देखिएन।

जहाँसम्म मृतकसँग विद्यालयमा राहत शिक्षक छनौटको विषयमा प्रतिवादी उदयशंकरले रिसइवी राखी अन्य प्रतिवादीहरूसमेत भई मृतकलाई गोली हानी मारेको भन्ने जाहेरी बेहोरा छ, सो सम्बन्धमा हेर्दा उक्त जाहेरी मिति २०६७।०७।१३ मा वारदात भएको मितिले १ महिना ४ दिनपछि मिति २०६७।०८।१७ मा मृतकका छोरा अखिलेशकुमार पटेलको तर्फबाट दिइएको उक्त जाहेरी सोको २१ दिनपछि मिति २०६७।०९।०८ गते जिल्ला प्रहरी कार्यालय बाराले दर्ता गरेको पाइन्छ । घटना भएको लामो समय व्यतीत गरी जाहेरी दिनुपर्ने वा दर्ता गर्नुपर्नाको कारण खुलाइएको पाइँदैन । तथापि जाहेरी घरपरिवारको सल्लाहमा सच्याएर दिइएको हो भनी जाहेरवालाले अदालतमा बकपत्र गरेको पाइने।

जाहेरी बेहोरा समर्थन हुने गरी जाहेरवाला स्वयं तथा मौकामा बुझिएका मानिसहरूले अदालतमा बकपत्र गर्न सकेको नपाइने।

प्रतिवादीहरू मौकामा र अदालतसमक्ष भएको बयानमा आरोपित कसुरमा इन्कार रहेको पाइयो । उक्त इन्कारी बयान निजहरूका साक्षीहरूको बकपत्रबाट समर्थित भइरहेको देखियो । वारदात भएको भोलिपल्ट मिति २०६७।०७।१४ गते मृतकका भाइ रामेश्वर राउत कुर्मीले जिल्ला प्रहरी कार्यालय बारामा अज्ञात हतियारधारीले अपहरण गरी मृतक सुरेश राउत कुर्मीलाई गोली हानी मारेको भनी निवेदन दिएको पाइयो । त्यसैगरी मृतककी पत्नी शान्तिदेवी कुर्मीले मृतकलाई हतियारधारी समूहले मारेको भनी जिल्ला शिक्षा कार्यालयमा निवेदन दिई क्रियाखर्च र क्षतिपूर्ति बुझेको देखियो । यस्तोमा यी प्रत्यर्थी प्रतिवादीहरू उक्त वारदातमा संलग्न रहेको भन्ने पुष्टि हुने स्वतन्त्र प्रमाणको अभावमा यिनै प्रतिवादीहरूले गोली प्रहार गरी मृतकलाई कर्तव्य गरी मारेका हुन् भन्ने निश्कर्ष निकाल्नु यस अदालतबाट प्रतिपादित सिद्धान्तप्रतिकूल हुन गई, फौजदारी न्याय र कानूनको दृष्टिकोणबाट समेत उचित नहुने।

जाहेरी दरखास्तको बेहोरा सच्याएर, अनुचित विलम्ब गरी जाहेरी दिएको देखियो । उक्त जाहेरी बेहोरा स्वतन्त्र प्रमाणबाट पुष्टि गराउन सकेको देखिएन । वारदातको भोलिपल्ट मृतकका भाइ रामेश्वर राउत कुर्मीले जिल्ला प्रहरी कार्यालयमा र मिति २०६८।०५।२१ गते मृतककी पत्नी शान्तिदेवी कुर्मीले जिल्ला शिक्षा कार्यालयमा दिएको निवेदनमा मृतकलाई अज्ञात हतियारधारी समूहले मारेको भन्ने उल्लेख गरेको पाइयो । उक्त वारदातमा यी प्रत्यर्थी प्रतिवादीहरू संलग्न रहेको भन्ने पुष्टि हुन नसकेको हुँदा अभियोग दाबीबाट प्रतिवादीहरू अवधेश कुशवाहा भन्ने सुजितकुमार महतो कोइरी, उदयशंकर मेहता

भन्ने उदयशंकर महतो, हरदेव हजरा र राजाराम राउत कुर्मीलाई सफाइ दिने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०४।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृतिबहादुर बस्नेत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ ९ गते रोज ५ शुभम् ।

## इजलास नं.२

### ६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७६-CR-१६४०, कर्तव्य ज्यान, महेन्द्र राउत कुर्मी वि. नेपाल सरकार*

प्रतिवादी महेन्द्र राउत कुर्मीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजायको मागदाबी लिई अभियोगपत्र दायर गरिएको देखियो । निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम जन्मकैद हुने गरी उच्च अदालत जनकपुरबाट फैसला भएको देखिन्छ । जाहेरवाला पारोदेवी राउत कुर्मीका छोरा नाताका प्रतिवादी महेन्द्र राउत कुर्मीले आफ्नी पत्नीलाई बन्दुकले हानी हत्या गरेको किटानी जाहेरी दिएको पाइयो । आफ्नो पत्नीलाई बन्दुक हानी हत्या गरेको कसुरमा साबित भई प्रतिवादी महेन्द्र राउत कुर्मीले अधिकारप्राप्त अधिकारीसमक्ष तथा सुरू अदालतमा समेत बयान गरेको देखिन्छ । आफ्नी पत्नी मृतक अनुपियादेवी राउतसँग भनाभन भएर निजलाई कट्वा बन्दुकले गोली प्रहार गरेको भन्ने कुरा निज प्रतिवादी महेन्द्र राउत कुर्मीले स्वीकार गरेको तथ्य, शव परीक्षण प्रतिवेदन तथा लासजाँच मुचुल्काबाट समेत समर्थित भएको देखिन्छ । घटना विवरणका मानिसहरूले पनि मौकामा निज प्रतिवादी महेन्द्र राउत कुर्मीले गोली प्रहार गरेर पत्नीलाई मारेको भन्ने बेहोरा लेखाएको पाइयो । जाहेरवालालगायत बुझिएका मानिसहरूले अदालतसमक्ष बकपत्र गर्दा मौकामा व्यक्त गरेकोभन्दा फरक बेहोरा लेखाएका भए पनि मौकामा तयार पारिएको घटना विवरण कागजमा लागेको सहीछाप आफ्नै हो भनी स्वीकार गरेको देखिन्छ । समग्र प्रमाण कागजबाट प्रतिवादी महेन्द्र राउत कुर्मीले प्रहार गरेको गोली लागेर निजकी पतत्नीको मृत्यु भएको तथ्य शंकारहित तवरबाट प्रमाणित भएको पाइने ।

प्रतिवादी महेन्द्र राउत कुर्मी मानसिक रोगी भनी जिकिर लिएको सन्दर्भमा हेर्दा, निज प्रतिवादीलाई मानसिक रोग लागेको भनिए तापनि निजको मानसिक रोगको सम्बन्धमा कहीँकतै लगेर उपचार गराएको भन्ने देखिँदैन । निजले मानसिक रोगीले सेवन गर्ने कुनै औषधी सेवन गरेको भन्ने पनि खुल्न आएको छैन । बहस गर्ने क्रममा प्रतिवादीका कानून व्यवसायीले प्रतिवादी सन्की स्वभावका मानिस भएको भनी उल्लेख गरेको कुराकै आधारमा निजलाई मानसिक सन्तुलन नभएका वा पागल भनी मान्न मिल्ने अवस्था देखिँदैन । आतङ्ककारी गतिविधिमा लागेका व्यक्ति आम मानिसमा रहने स्वाभाविक मानवीय स्वभावभन्दा विपरीत किसिमको अर्थात् सन्की स्वभावका नै देखिन्छन् । प्रतिवादी महेन्द्र राउत कुर्मीले अनुसन्धानको क्रममा आफ्नो मानसिक र शारीरिक अवस्था ठिक छ भन्दै सोधिएका सबै प्रश्नको युक्तिसङ्गत जवाफ दिएको देखियो । अदालतसमक्षको बयानमा पनि सबै कुरा खुलाएर सोधिएका प्रश्नको जवाफ दिएको पाइयो । कसुर गर्दाको अवस्थामा प्रतिवादीको मानसिक अवस्था ठिक थिएन, गरिएको कार्यको परिणाम थाहा पाउन सक्ने अवस्था थिएन भन्ने सम्बन्धमा प्रतिवादीतर्फबाट कुनै प्रमाण पेस हुन आएको देखिँदैन । निज प्रतिवादी महेन्द्र राउत कुर्मीको मानसिक अवस्था सन्तुलित नै रहेको अवस्थामा कसुर गरेको देखिएको हुँदा प्रतिवादीको मानसिक अवस्थाको कारणबाट सजायमा छुट हुनुपर्ने भनी लिएको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी महेन्द्र राउत कुर्मीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिम जन्मकैद हुने ठहर गरी उच्च अदालत, जनकपुरबाट मिति २०७६।७।२७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल फागुन २८ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७९-WH-०१७८, बन्दीप्रत्यक्षीकरण, मनोज कर्माचार्य वि. उच्च अदालत पाटनसमेत*

निवेदक मनोज कर्माचार्यउपर चलेको सरकारी कागज किर्ते मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/१/१५ मा, पुनरावेदन अदालत पाटनबाट मिति २०७०/११/६ मा र यस अदालतबाट मिति २०७५/३/३१ मा निजलाई कसुरदार ठहर गरी एक वर्ष कैद र रू. पचास जरिवाना हुने भनी फैसला भएको देखियो। यस अदालतबाट अन्तिम फैसला भएको करिब चार वर्ष छ महिनापछि पक्राउ गरी मिति २०७९/१०/१५ मा थुनुवा पुर्जी दिई थुनामा राखिएको देखिन्छ। यसपछि आएर मात्र निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा माग गरी निवेदन गरेको पाइयो। यसरी अदालतबाट हुने ठहर गरिएको कैद भुक्तान गर्न चार वर्षभन्दा बढी अवधिदेखि उपस्थित हुन आउन नसक्नाको कुनै उचित कारण निवेदकले खुलाउन सकेको देखिँदैन। निजले न्यायिक प्रक्रियामा सहयोग र समर्पण गरेको अवस्था पनि देखिँदैन। किर्तेसम्बन्धी कार्यका कसुरदार ठहर भएका यस अवस्थाका प्रतिवादीलाई उल्लिखित दफा १५५ बमोजिमको सुविधा प्रदान गर्नु मनासिब हुँदैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा रहेको प्रावधान अदालतको तजबिजमा प्रदान गरिने सुविधा हो। यसलाई कसुरदार ठहर भएका व्यक्तिको हक अधिकारको रूपमा लिन मिल्दैन। उचित र पर्याप्त कारण विद्यमान रहेको नदेखिएको अवस्थामा फैसला भएको लामो समयपछि पक्राउ परी कैदमा राखिएका कसुरदारलाई दफा १५५ बमोजिमको सुविधा प्रदान गर्नु हुँदैन। रिट निवेदक मनोज कर्माचार्यलाई उक्त दफा १५५ को सुविधा दिन नमिल्ने भनी तह-तह अदालतबाट आधार र कारण खुलाई आदेश भएकोसमेत देखिन्छ। निवेदकलाई गैरकानूनी रूपमा बन्दी बनाएको वा निवेदकको मागबमोजिमको सुविधा प्रदान गर्न अनुचित तवरबाट इन्कार गरिएको भन्ने देखिन आएन।

निवेदक मनोज कर्माचार्यलाई राहदानी किर्ते मुद्दामा तह-तहका अदालतबाट मुलुकी ऐन, किर्ते कागजको महलको ९ र १२ नं. बमोजिम एक बर्ष कैद र रू. पचास जरिवाना हुने ठहरी फैसला भएअनुसारको कैद असुलीका लागि कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखिएको देखिँदा यसलाई गैरकानूनी थुना भनी मान्न मिलेन। निवेदकलाई कानूनप्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०८० साल वैशाख ४ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-CI-१६२६, अबन्डा जग्गा बन्डा, उमाशंकर साह वि. महाशंकर साहसमेत*

प्रतिवादीहरू योगेन्द्र साह र महाशंकर साहको नाउँमा संयुक्त दर्ता रहेको कि.नं. ३४५ र ३५० का जग्गाबाट वादी दाबीबमोजिम नै २ भागको १ भागबाट ३ भागको १ भाग सम्पत्ति वादीको नाउँमा बन्डा

छुट्ट्याई पाउने गरी भएको फैसलाको हदसम्म विवाद देखिएन । तसर्थ, सो हदसम्म अहिले थप विवेचना गरिरहन परेन। पुनरावेदक/वादीले जिकिर लिएबमोजिम प्रतिवादी महाशंकर साहको नाउँमा दर्ता रहेको दाबीको कि.नं. १९, २१, १७१, २३९ र २४१ का जग्गा स्व. रामस्वरूप साहका सन्तानहरूबिच मात्र बन्डा लाग्ने हो वा स्व. सुखदेव साहका दुइवटै छोराहरू मोति साह र रामस्वरूप साहका सन्तानहरूबिच बन्डा लाग्ने हो भन्नेतर्फ विवादित प्रश्नमा विचार गर्नुपर्ने हुन आएको छ। उल्लिखित ५ कित्ता जग्गा प्रतिवादी महाशंकर साह वा निजका पिता रामस्वरूप साहको निजी आर्जनको सम्पत्ति नभई स्व. बाजे सुखदेव साहको नामबाट रामस्वरूप साहको नाममा र रामस्वरूप साहको नामबाट प्रतिवादी महाशंकर साहको नाममा नामसारी भई आएको पैतृक सम्पत्ति रहेको भन्ने तथ्य प्रतिवादी महाशंकरका वारेस प्रमोदकुमार कर्णले अदालतमा कागज गर्दा उल्लेख गरेको देखिन्छ । मालपोत कार्यालय महोत्तरीबाट प्राप्त पत्रबाट समेत दाबीको उक्त ५ कित्ता जग्गा रामस्वरूप साहको नामबाट प्रतिवादी महाशंकर साहको नाममा नामसारी भई आएको सम्पत्ति हो भनी उल्लेख भएको पाइयो। उक्त सम्पत्ति रामस्वरूपको वा आफ्नो निजी आर्जनको सम्पत्ति हो भनी प्रतिवादी महाशंकर साहले सुरुमा जिकिर लिन सकेको देखिँदैन । वादी उमाशंकर साह र प्रतिवादी जयशंकर साहले पुनरावेदन तहमा उक्त कुराको जिकिर लिएको भए पनि सो तथ्य प्रमाणद्वारा पुष्टि गर्न सकेको पाइएन। उक्त ५ कित्ता जग्गाका जग्गाधनीले जग्गा निजी आर्जनको सम्पत्ति रहेको भनी प्रमाणित गर्न नसकेको, उक्त सम्पत्ति वादी प्रतिवादीहरूका बाजे स्व. सुखदेव साहकै पालादेखिको सगोलको पैतृक सम्पत्ति देखिएको र उक्त सम्पत्तिबाट कानूनबमोजिमको अंशहक मोति साहका छोरा प्रतिवादी योगेन्द्र साहले पाइसकेको नदेखिएको हुँदा उक्त सम्पत्ति हालसम्म अबन्डा नै रहेको मान्नुपर्ने देखियो। प्रतिवादी योगेन्द्र साहले उक्त सम्पत्तिबाट आफ्नो हक हिस्सा लिन नपाउने भन्न मिल्ने देखिँदैन। बन्डापत्रको लिखतमा उक्त सम्पत्ति "अबन्डा रहेको" भनी उल्लेख नभए पनि बन्डा लाग्ने प्रकृतिको सगोलको सम्पत्ति देखिन आएको अवस्थामा सो सम्पत्ति सबै अंशियारहरूबिच बन्डा गर्न मिल्ने नै देखिने। प्रतिवादी महाशंकर साहको नाउँमा दर्ता रहेको विवादित कि.नं. १९, २१, १७१, २३९ र २४१ का जग्गा स्व. मोति साह र स्व. रामस्वरूप साहका छोराहरूबिचमा बन्डा गर्नुपर्ने नै देखिने।

दाबीको कि.नं. १९, २१, १७१, २३९ र २४१ का जग्गाबाट पुनरावेदक/वादीले २ भागको १ भागबाट ३ भागको १ भाग सम्पत्ति बन्डा छुट्ट्याई लिन पाउने ठहऱ्याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६९/१/२० को फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७०/१०/६ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रदीपकुमार उपाध्याय

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल पुस ४ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, ०७३-CI-०११८, अंश चलन, महरनीया चौधरी वि. कलामती चौधरी

वादी प्रतिवादीबिच नाता सम्बन्धको कुरामा विवाद देखिएन। मूल पुर्खा मृतक कालीप्रसाद चौधरीका २ छोराहरू जेठो मुक्तिनारायण र कान्छो जयनारायण चौधरी रहेकोमा निजहरूको मृत्यु भइसकेको र मुक्तिनारायण चौधरीको पत्नी पुनरावेदिका महरनीया चौधरी र जयनारायण चौधरीको पत्नी वादी कलामती चौधरी हुन् भन्ने कुरामा मुख मिलेकै देखिन्छ। वादी र प्रतिवादीका पति २०३३ सालमा नै व्यवहार प्रमाणबाट छुट्टिई अलग भएको भन्ने प्रतिवादीको कथन भए पनि सो कुरा कुनै तथ्य वा प्रमाणबाट समर्थित हुन आएको पाइएन । तसर्थ, फिराद परेको मितिभन्दा अघिल्लो

दिनलाई मानो छुट्टिएको मिति कायम गरी अंशबन्डा लगाउने भनी सुरू जिल्ला अदालत र पुनरावेदन अदालतबाट फैसला भएको देखियो । पुनरावेदकले अंशबन्डा गर्दा कि.नं. २६१ र २४८ का जग्गा बन्डा लाग्ने होइन भनी मूलत: बन्डा लगाउनुपर्ने सम्पत्तिका सम्बन्धमा प्रश्न उठाएको देखिँदा सोही प्रश्नको निरूपण गर्नुपर्ने ।

विवादित कि.नं.२६१ र २४८ का जग्गा वादी प्रतिवादी एकाघर सगोलमा नै रहँदाको अवस्थामा सत्यभामादेवी शर्माबाट मुक्तिनारायण चौधरीले र.नं. १८३१ मिति २०४१/१२/८ को हालैदेखिको बकसपत्र लिखतको माध्यमबाट प्राप्त गरेको देखिन्छ । लिखतमा बकसपत्र भनी शब्द उल्लेख गरिएको भए पनि बकसपत्र दिनुपर्ने औचित्य, कारण वा प्रयोजन अन्यथा खुल्न आएको पाइएन । जग्गा मोहीका हैसियतले जग्गा कमाएकोमा उक्त जग्गाका धनीले मोही हकलाई बकसपत्र लिखतको माध्यमबाट दिएको हो, जग्गा कमाउँदा सगोल परिवारको सामूहिक मेहनत र परिश्रम परेको छ भन्ने वादी पक्षको जिकिर रहेको देखिन्छ । निजी आर्जनको तथ्य अन्यथा प्रमाणित नभएसम्म सगोलको अंशियारका नाममा रहेको यस प्रकारको सम्पत्तिलाई सबै अंशियारहरूबिच अंशबन्डा लाग्ने सम्पत्ति हो भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अदालतले अनुमान गर्नुपर्ने हुन्छ । मुलुकी ऐन, अंशबन्डा महलको १८ नं. बमोजिम कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको सम्पत्ति बन्डा नलाग्ने हो । विवादित जग्गा प्रतिवादीका पतिको एकल प्रयासबाट आर्जन गरेको सम्पत्ति नभएर परिवारका सदस्यहरूले गरेको सामूहिक प्रयासको परिणामस्वरूप आर्जन गरेको सम्पत्ति हो भन्ने देखिन्छ । यस प्रकारको सम्पत्ति अंशियारहरूका बिच अंश भागबन्डा लाग्ने नै देखिने ।

विवादित कि.नं. २६१ र २४८ का जग्गाहरू सगोलमा रहँदा सामूहिक प्रयासबाट आर्जन गरेको सम्पत्ति भन्ने देखिँदा सो जग्गा बन्डा लाग्ने ठहर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२/९/१ को फैसला मनासिब देखिएकाले सदर हुने ।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख ७ गते रोज ५ शुभम् ।

## १०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-०१७२, बन्दीप्रत्यक्षीकरण, राधिका बुढाथोकी वि. उच्च अदालत पाटनसमेत*

निवेदकका उपर उच्च अदालत पाटनमा मुद्दा नं. ०७६- CB-२६८६ को बैंकिङ कसुर मुद्दा चली निवेदकबाट उच्च अदालतले मुद्दा पुर्पक्षको निमित्त रू. २३,००,०००/- धरौट माग गरेको र यस अदालतको मिति २०७९।०४।१० को आदेशले धरौट माग गरिएको अङ्कसम्म बदर भई रू.१५,००,०००।– धरौटबापत माग गरिएको देखिन्छ । उक्त धरौट दिन नसकेकाले निवेदक हालसम्म मुद्दा पुर्पक्षको निमित्त थुनामा रहेको भन्ने देखियो । उल्लिखित बैंकिङ कसुर मुद्दामा प्रमाणको रूपमा वादी पक्षले पेस गरेका चेकहरू किर्ते जालसाजीरूपमा खडा गरिएको भनी यिनै निवेदक वादी भई जाहेरवालाका उपर किर्ते जालसाजी मुद्दा नं. ०७७-C४-१९३१ समेतका ४ थान मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर भई कारबाहीयुक्त अवस्थामा रहेको भन्ने कुरामा विवाद देखिएन । काठमाडौं जिल्ला अदालतका कारबाहीयुक्त अवस्थामा रहेका उक्त किर्ते जालसाजी मुद्दाहरूको टुङ्गो लागेपछि मात्र बैंकिङ कसुर मुद्दाका कारबाही अगाडि बढाउने भनी बैंकिङ कसुर मुद्दा मुलतबी राखिएको भन्ने कुरा उच्च अदालत पाटनको मिति २०७८।०८।२० को आदेशमा उल्लेख भएको ।

निवेदकका उपर चलेको बैंकिङ कसुर मुद्दा उच्च अदालतले मुलतबीमा राख्ने गरेको कार्यले उक्त

मुद्दाको कारबाही किनारा हुन समय लाग्ने र यसले गर्दा निवेदक अनिश्चित कालसम्म थुनामा बस्नुपर्ने अवस्था भएको र पछि मुद्दा किनारा हुँदा कसुरबाट सफाइ पाउने अवस्थासमेत रहने भएकाले निवेदकलाई हाल तारेखमा राखी मुद्दाको पुर्पक्ष हुनुपर्ने भन्ने जिकिर लिई निवेदकले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको पाइयो। निवेदकलाई मुद्दा पुर्पक्षको निमित्त थुनामा राखेको नभई निजले अदालतबाट माग भएको धरौट दिन नसकेकाले सोबापत निज थुनामा रहेको अवस्था हो। यसलाई गैरकानूनी थुना भन्न मिल्दै। न रिट निवेदन खारेज हुनुपर्ने भन्ने जिकिर लिई प्रत्यर्थी उच्च अदालतले लिखित जवाफ पेस गरेको पाइने।

यिनै निवेदक वादी र बैंकिङ कसुर मुद्दाका जाहेरवाला दिपेन्द्र रावल प्रतिवादी भई जाहेरवालाले पेस गरेका चेकहरूका सम्बन्धमा किर्ते जालसाजी मुद्दा चली हाल उक्त मुद्दाहरू काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको देखिन्छ भने बैंकिङ कसुर मुद्दा उच्च अदालतले मुलतबीमा राखेको भन्ने देखियो। निवेदक थुनामा बसेको अवधि २ वर्ष व्यतीत हुन लागेको अवस्था छ । यस अवस्थामा जिल्ला अदालतको मुद्दामा कारबाही र किनारा भई उच्च अदालतमा चलेको मुद्दा जागी किनारा हुन लाग्ने समय अनिश्चित रहेको देखिन्छ । यसरी बैंकिङ कसुर मुद्दा उच्च अदालत पाटनले आफैँले मुलतबीमा राखेर सुनुवाइ कार्य थाती राखी व्यक्तिलाई अनिश्चित कालसम्म थुनामा राख्ने कार्य व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हक तथा स्वच्छ न्यायको हकप्रतिकूल हुन जाने मात्र नभई कुनै पनि कानूनी व्यवस्थाबाट समर्थित हुन सक्ने नदेखिएको हुँदा यस्तो कार्यलाई उचित, मनासिब र न्यायसम्मतको कार्य मान्न मिल्ने देखिँदैन। तसर्थ, यस्तो थुनालाई गैरकानूनी थुना भनी मान्नुपर्ने देखियो। अतः निवेदकउपर उच्च अदालत पाटनमा चलेको मुद्दा नं. ०७६- CB-२६८६ को बैंकिङ कसुर मुद्दामा पछि ठहरेबमोजिम हुने गरी निवेदक राधिका बुढाथोकीलाई उक्त मुद्दामा तारेखमा राखी पुर्पक्ष गर्ने गरी प्रत्यर्थीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत १४ गते रोज ३ शुभम्।

**११**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-RC-०१००, कर्तव्य ज्यान, नेपाल सरकार वि. सार्की मगर*

घटना वारदातपश्चात् यी प्रतिवादी फरार रही भारततर्फ भागी गई करिब १७ वर्षपछि मात्र भारतबाट घरमा परिवार भेट्न आउँदा प्रहरीद्वारा पक्राउ परी आएको स्थिति छ । डरले गर्दा वारदातपश्चात् फरार भएको हो भनी यी प्रतिवादीले बयान गरेको देखिन्छ। यी प्रतिवादी निर्दोष भएको भए त्यसरी आफ्नो घर परिवार छाडी भारततर्फ भागी १७ वर्षसम्म फरार रही लुकीछिपी बस्नुपर्ने अवस्था हुँदैनथ्यो । आफू निर्दोष भए फरार नरही मौकामा आफ्नो सफाइको प्रमाण पेस गर्न सक्नुपर्नेमा प्रतिवादीबाट त्यसो हुन नसकेको।

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, घटनाको प्रत्यक्षदर्शी पत्नकुमारी मगरको मौकाको कागज र सो समर्थन हुने गरी निजले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादी सार्की मगरको बयान, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट वनमा घाँस काटेको विषयमा छलफल गर्न भनी मृतकलाई घरबाट बोलाई घरदेखि पर लगी विवाद गरी प्रतिवादी सार्की मगरले मृतक मानबहादुर थापालाई मुक्काले टाउकोमा हिर्काइ कुटपिट गरी धकेलिदिएको कारण टाउकोमा चोट लागी जाहेरवालाको बाबु मानबहादुर थापाको मृत्यु भएको देखिँदा यी प्रतिवादी सार्की मगरले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिने।

मृतकसँग प्रतिवादीको पुरानो रिसइवी रहेको भन्ने कुरा प्रतिवादीको बयानबाट देखिन आउँछ। यी

प्रतिवादीहरू ३/४ जना भई हुलहुज्जत गरी एक्लो मानिसलाई टाउकोजस्तो संवेदनशील भागमा निर्मम रूपमा कुटपिट गरेका छन् । मृत्युको कारण स्वास्थ्य परीक्षण प्रतिवेदनले गम्भीर रूपमा टाउकोमा चोट लागेको भन्ने देखाएको छ। त्यसैगरी यी प्रतिवादी सार्की मगर मौकामा फरार रही न्यायिक प्रक्रियामा सहयोग गरेको नदेखिएकोसमेतका कारण प्रतिवादी सार्की मगरलाई १० वर्ष कैद हुन मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम राय जाहेर गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने ठहर गरेको हदसम्म उच्च अदालत पाटनको फैसला मिलेको नदेखिने।

प्रतिवादी सार्की मगरलाई अभियोग दाबीबमोजिम साबिक मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. र मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैद हुने ठहर गरी सुरू रामेछाप जिल्ला अदालतबाट मिति २०७५।१०।२९ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७६।०५।०३ को फैसला मनासिब देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : केशब पराजुली
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०८० साल जेष्ठ २८ गते रोज १ शुभम्।

## १२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी**, *०७७-RC-०११०, कर्तव्य ज्यान, नेपाल सरकार वि. डालिबाउ भन्ने भीमदल गुरूङ*

प्रतिवादीले आफ्नी श्रीमतीलाई कुनै किसिमको रोग थिएन । निजको शरीरमा के कुन समयमा के कसरी आगो लाग्यो थाहा भएन । हामी एउटै बिस्तारामा गफगाफ गर्दै सुतेको अवस्थामा निजको प्राण गएको हो भनी बयान गरेको सम्बन्धमा यसरी एउटै बिस्तारामा सुतेको अवस्थामा आगो लाग्ने भए दुबै श्रीमान् श्रीमतीलाई लाग्नुपर्ने, श्रीमतीलाई मात्र के कसरी आगो लाग्यो थाहा भएन भन्ने प्रतिवादीको भनाइमा सत्यता देखिँदैन । प्रतिवादीले श्रीमतीको कर्तव्य गरी ज्यान मारिसकेपछि हत्या आरोपबाट बच्न सकिन्छ कि भनी कतैबाट आगो लागेर श्रीमतीको मृत्यु भएको भन्ने पार्नको लागि निजै प्रतिवादीले श्रीमतीको जिउमा आगो लगाएको देखिन आउँछ । जुन कुरा श्वासप्रश्वास नलीमा धुवाँजस्तो कालो पदार्थ नदेखिएको कारणले निजको मृत्युपछि शरीरमा आगो लागेकोजस्तो देखिन्छ भन्ने विशेषज्ञ डाक्टरको अदालतसमक्षको बकपत्रले पुष्टि हुन आउँछ । मृतकको मृत्यु आगो लागेको कारण भएको भए निजको श्वासप्रश्वास नलीमा धुवाँ वा कालो पदार्थ देखिनुपर्ने सो देखिएको स्थिति नआएको।

प्रतिवादीउपरको किटानी जाहेरी र सोलाई समर्थन हुने गरी जाहेरवालाको अदालतसमक्षको बकपत्र, घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, शव परीक्षण प्रतिवेदन दिने विशेषज्ञ डा. संजयकुमार पासवानले अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादीले मृतक श्रीमतीलाई घाँटीमा थिची मृतकको श्वासप्रश्वास बन्द भई मृत्यु भएको पुष्टि भएको देखिँदा निज प्रतिवादी डालिबाउ भन्ने भीमदल गुरूङलाई अभियोगदाबीबमोजिम सजाय गर्ने गरी सुरू इलाम जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेको देखिने।

प्रतिवादी डालिबाउ भन्ने भीमदल गुरूङले आफ्नै श्रीमती यामकुमारी गुरूङ्गलाई कर्तव्य गरी मारी मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसुर गरेकाले निज प्रतिवादीलाई सोही संहिताको दफा १७७(२) बमोजिम जन्मकैद हुने र प्रतिवादीबाट पीडितलाई रू.३०,०००।- क्षतिपूर्तिसमेत भराइदिने ठहर गरी सुरू इलाम जिल्ला अदालतबाट मिति २०७६।०५।११ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति

२०७७।०४।२५ को फैसला मनासिब देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : केशब पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल जेष्ठ २८ गते रोज १ शुभम्।

**इजलास नं.५**

**१३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७७-CR-१३६४, जबरजस्ती करणी, नेपाल सरकार वि. श्रीमान् गुरूङ*

पीडित स्वयंले अदालतसमक्ष बकपत्र गर्दा जाहेरी दरखास्तको विपरीत हुने गरी बकपत्र गरेको, पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडितको योनिमा कुनै चोटपटक लागेको नदेखिएको, पीडितका शरीरका अन्य भागमा समेत जबरजस्ती करणी गर्दाका सङ्घर्षका चिह्नहरूसमेत नदेखिएको भन्नेसमेतको आधार, कारणबाट प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी फैसला भएको देखिन्छ। यद्यपि, सुरू चितवन जिल्ला अदालतबाट प्रतिवादीले पीडितलाई होटलमा लगेको तथ्य स्थापित भएको, पीडिताको किटानी जाहेरी भएको, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयानसमेतको आधार, कारण उल्लेख गर्दै अभियोग दाबीबमोजिम प्रतिवादीको कसुर ठहर गरी सजायसमेत गरेको देखिन्छ भने उच्च अदालत पाटन, हेटौंडा इजलासबाट सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ प्रदान गर्ने गरी फैसला भएको देखिन्छ। जबरजस्ती करणीजस्तो गम्भीर फौजदारी कसुरमा अभियोग दाबी गरिएको व्यक्तिउपरको कसुर शंकारहित तवरबाट पुष्टि हुनुपर्ने हुन्छ। शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्याय प्रणालीको आदर्श मान्यता रही आएको पाइन्छ। प्रस्तुत मुद्दामा विवेचित आधार, कारणबाट निज प्रतिवादीउपरको अभियोग दाबी ठोस र तथ्ययुक्त तवरबाट स्थापित हुन सकेको देखिँदैन। यस्तो स्थितिमा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

जबरजस्ती करणीजस्तो गम्भीर अपराधमा बिनाआधार, कारण प्रतिवादीलाई कसुरदार ठहऱ्याई सजायसमेत गर्ने गरेको सुरू चितवन जिल्ला अदालतको मिति २०७७।०३।३० को फैसला उल्टी गरी प्रतिवादी श्रीमान् गुरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याइ उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७७।१०।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७८ माघ ५ गते रोज ४ शुभम्।

**१४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७९-WH-००८८, बन्दीप्रत्यक्षीकरण, पवित्रा परियार वि. सुनिल कार्कीसमेत*

निवेदकको ठेगाना चितवन जिल्ला, भरतपुर महानगरपालिका, वडा नं.१० हाल परिवर्तित वडा नं. १२ भएकोमा सोही वतनमा समाहवान म्याद तामेल हुँदा म्यादवालाको ठेगानामा गई, निजको घरसमेत खोजतलास गर्दा फेला नपरेकोले निजको नाउँको एकप्रति म्याद भरतपुर महानगरपालिका, वडा नं.१२ को वडा कार्यालयको चौतारीमा टाँस गरेको भनी मिति २०७७।०४।२३ मा बेपत्ते तामेल भई आएको देखिन्छ। तत्पश्चात् यी निवेदक प्रतिवादीका नाममा सोही ठेगाना उल्लेख गरी गोरखापत्रमा मिति २०७७।९।६ मा १ पटक मात्र सूचना प्रकाशित गरेको देखियो। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ मा "म्याद तामेली हुन नसकेको कुराको प्रतिवेदन पर्न आएमा प्रचलित कानूनमा जुनसुकै

कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई ३० दिनसम्मको म्याद दिई अनुसन्धान भएको वा मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर भइसकेको भए सो विषयको संक्षिप्त विवरण उल्लेख गरी उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा कम्तीमा २ पटक सार्वजनिक सूचना प्रकाशन गरिने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उच्च अदालत पाटनले उल्लिखित मुद्दामा यी निवेदकलाई हाजिर हुन आउनु भनी गोरखापत्रमा प्रकाशित गरेको मिति २०७७।०९।०६ को म्याद सूचना १ पटक मात्र प्रकाशित गरी फैसला गरेको देखिँदा कानूनले कम्तीमा २ पटक सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने भनी गरेको अनिवार्य व्यवस्थाको पालना गरेको देखिएन । निवेदकको हकमा त्यस्तो सार्वजनिक सूचना एक पटक मात्र प्रकाशित गरी कानूनले अनिवार्य गरेको कम्तीमा दुई पटक सार्वजनिक सूचना प्रकाशित नगरिएको म्याद तामेलीसम्बन्धी काम कारबाही बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ को कानूनी व्यवस्थाको प्रतिकूल देखिएकोले कानूनसम्मत मान्न मिलेन । अत: कानूनले अनिवार्य गरेको २ पटक प्रकाशित गर्नुपर्ने सार्वजनिक सूचना प्रकाशित नगरिएको म्याद तामेलीसम्बन्धी कानूनविपरीतको काम कारबाहीको आधारमा उच्च अदालत पाटनबाट मिति २०७७।११।११ मा भएको फैसला त्रुटिपूर्ण देखिएकाले उक्त फैसला उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । उक्त मिति २०७७।११।११ को फैसला बदर भएकोले उच्च अदालत पाटनबाट लगत कसी कैद म्याद ठेकेको च.नं. ६४४ मिति २०७९।५।११ को पत्रसमेत निष्क्रिय गरिदिएको छ । अब, निज निवेदकलाई अभियोगबमोजिम बैंकिङ कसुर मुद्दामा थुनछेक प्रयोजनको लागि हाल थुनामा राखिएको कारागारबाट उच्च अदालत पाटन, वाणिज्य इजलासमा उपस्थित गराई पुनः बयान लिनेलगायतका कानूनी कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

निवेदकका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, रिट निवेदक प्रतिवादी रहेको उक्त बैंकिङ कसुर मुद्दामा पुनः कारबाही चलाई निवेदकको हकमा सोहीबमोजिम हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । बन्दीप्रत्यक्षीकरण आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने हदसम्मको निवेदकको निवेदन दाबी खारेज हुने ।

इजलास अधिकृत : इन्दिरा कार्की गेलाल

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल मंसिर १३ गते रोज ३ शुभम् ।

**१५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत** र **मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CI-०४९८, निषेधाज्ञा, शोभाकुमारी निरौलासमेत वि. ३ नं. प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं. ९ स्थित धर्मपथ टोल विकास संस्थासमेत*

शोभाकुमारी निरौलाको नाममा दर्ता कायम रहेको कि.नं. ७४१५ को ज.वि. ०-१-० घरजग्गा र निर्मला गौतमको नाममा दर्ता कायम रहेको कि.नं. ७४१६ ज.वि. ०-१-० घरजग्गा एकापसमा पूर्व पश्चिम भई जोडिएका र सो जग्गाको उत्तर र दक्षिण दुवैतर्फ बाटो रहेको तथ्य पनि मिसिल कागजबाट देखिन आउँछ । निवेदकहरूले आफ्नो दुबै कित्ताको बिच भागको १/१ मिटर जग्गाबाट २ मिटरको बाटो कायम हुने गरी आफ्नो जग्गामा विपक्षीहरूले जबरजस्ती बाटो खुलाउन लागेको भन्ने जिकिर लिएकोमा निवेदिकाहरूका पतिहरूले गरिदिएको मन्जुरीको कागजबमोजिम उक्त जग्गाबाट बाटो खोली सोही बेलादेखि प्रयोग हुँदैआएको र हाल ग्राभेल गर्न लागेको भन्ने लिखित जबाफ बेहोराबाट देखिन आउँछ । मिसिलबाट यी पुनरावेदक शोभाकुमारी निरौलाको एकाघरका पति पुष्पराज पौडेल र निर्मला गौतमका पति छविरमण निरौलाले उल्लिखित

जग्गामा आफूहरूले समेत चलन उपयोग गर्न पाउने गरी जग्गा छाडी बाटो कायम हुने गरी सार्वजनिक गर्न मन्जुर छु भनी विपक्षीमध्येका धर्मपथ टोल विकास संस्थालाई बाटो बनाउन अधिकार दिने गरी मिति २०६८।०१।१७ मा दुई अलग अलग मन्जुरनामाको लिखत गरिदिएको देखिन आउँछ । यसैगरी उच्च अदालत पाटन, हेटौंडा इजलासको आदेशानुसार यी पुनरावेदकहरूसमेत रोहबरमा बसी भई आएको मिति २०७५।३।८ को नक्सा मुचुल्का हेर्दासमेत निवेदकहरूको जग्गाको उत्तर र दक्षिणतर्फ बाटो रहेको र सोही बाटोमा जोड्न पुनरावेदकहरूको जग्गाको बिच भागबाट १/१ मिटर पर्ने गरी २ मिटर चौडाइको बाटो न.नं.४ मा उल्लेख भई उक्त बाटो ग्राभेल भएको भनी कैफियत बेहोरा उल्लेख भएको पाइन्छ। उक्त न.नं.४ को बाटो ६/७ वर्षअघिदेखि नै कायम रही प्रयोग हुँदै आएको भनी स्थानीय साँध सँधियारहरूले नक्सा सर्जमिनमा बेहोरा लेखाएकोसमेत देखिन्छ । उक्त नक्सा कुण्डलीमा यी पुनरावेदकहरूले कुनै कैफियत प्रतिक्रिया लेखाएकोसमेत नपाइने।

पुनरावेदक निवेदकहरूले दाबी गरेको बाटोका सम्बन्धमा निजहरूका पतिहरूले पहिल्यै बाटो खोल्न मन्जुरीनामाको लिखत गरी विपक्षी धर्मपथ टोल विकास संस्थालाई दिएअनुरूप विवादित जग्गामा ६/७ वर्ष अघिदेखि नै बाटो खोली हाल यी निवेदकहरूसहितले सार्वजनिक प्रयोग गर्दैआएको र उक्त बाटो ग्राभेलसमेत भइसकेको भन्ने नक्सा मुचुल्कासमेतबाट देखिन आयो। व्यक्तिको निजी सम्पत्तिमा कसैले अनधिकृत रूपमा हस्तक्षेप गर्ने प्रबल आशंका भएको स्थितिमा निषेधाज्ञाको आदेश जारी हुने हो। प्रस्तुत निवेदनका हकमा विवादित जग्गा यी पुनरावेदकको नाउँमा भए तापनि निजहरूका पतिले उक्त जग्गामा आफूलाईसमेत सहज हुने गरी सार्वजनिक बाटो खोल्न लिखित मन्जुरी दिएकोमा यी निवेदिकाहरूले पतिले मन्जुरी दिएको भन्ने बेहोरा निवेदनमा उल्लेख नै नगरी तथ्य लुकाई अदालतमा प्रवेश गरेको, मिसिल तथ्यबाट निजहरूका पतिले उल्लिखित बाटो खोल्न मन्जुरी दिएको देखिएको र निषेधाज्ञाको आदेशबाट रोक्न माग गरिएको बाटो ६/७ वर्षअघि नै खोली ग्राभेलसमेत भई सार्वजनिक प्रयोगमा रहेको देखिन आएकाले निवेदकहरूले दाबी गरेजस्तो निजहरूको जग्गाबाट बाटो बनाउने आशङ्काको विद्यमानता नरहेको भनी निवेदन खारेज हुने ठहऱ्याएको उच्च अदालत पाटन, हेटौंडा इजलासको आदेश मनासिब देखिँदा अन्यथा भन्न नमिल्ने।

निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नहुने प्रस्तुत निवेदन खारेज हुने ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७५।०३।२० को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७८ साल चैत्र ९ गते रोज ४ शुभम्।

## १६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी**, *०७८-CR-०३११, कर्तव्य ज्यान, रमेश दुरैली बि.क.समेत वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको वारदातस्थल र वारदात समयमा प्रतिवादीहरूको उपस्थिति रहेको भनी वारदातको दिन मृतकसँगै रहेका रामकृष्ण योञ्जन र ग्यालजेन तामाङले अनुसन्धानको क्रममा गरेको कागजबाटसमेत पुष्टि भएको छ । प्रतिवादीमध्येका गोपाल दुरैली बि.क.ले प्रतिवादीहरू सुजन दुरैली बि.क. र रमेश दुरौली बि.क.समेत गरी ४ जना कारखानामा नै काम गरी २०:००-२१:०० बजेतिर सुतेको भनी गरेको बयानबाट प्रतिवादीहरू उक्त दिन वारदातस्थलमा नै रहेको भन्ने तथ्यलाई उजागर गरेबाट प्रतिवादीहरू रमेश दुरैली बि.क. र सुजन दुरैली बि.क.ले वारदातको दिनमा आफूहरू कारखानामा नरहेको भनी आरोपित

कसुरमा इन्कार रही गरेको बयान विश्वसनीय देखिन आएन । साथै, मौकामा बुझिएका धनबहादुर श्रेष्ठले गरेको कागजमा वारदातको दिन करण बि.क. आई त्यतैतिरको १ जना केटाले मेरो पसलमा काम गर्ने भाइहरूको मोबाइल खोस्न लाग्दा निज केटालाई मेरो पसलमा काम गर्ने भाइहरूले डोरीले बाँधेर कुटपिट गरी घाइते बनाई उपचारको लागि महाराजगन्जको शिक्षण अस्पताल लगेको छ भनेकाले मैले रू.५०००।- दिई पठाएको र पछि बुझ्दा मिति २०७०।८।११ को राति निज करण बि.क.को फर्निचर कारखानाभित्र उक्त कारखानामा काम गर्ने व्यक्तिहरूले आशिष राइलाई कुटपिट गरी घाइते बनाई शिक्षण अस्पताल लगेको थाहा पाएको हो भन्ने बेहोरा उल्लेख गरेबाट समेत वारदातको समय र स्थानमा प्रतिवादीहरूको उपस्थितिलाई नकार्न नमिल्ने ।

प्रतिवादीहरूमध्येका करण भन्ने मानबहादुर दुरैली बि.क.को अनुसन्धान अधिकारीसमक्षको साबिती बयान, प्रतिवादी गोपाल दुरैली बि.क.ले वारदातस्थलमा उपस्थित रहेको भनी गरेको बयान, मौकामा बुझिएका रामकृष्ण योञ्जन, ग्यालजेन तामाङ तथा धनबहादुर श्रेष्ठले गरेको कागज, घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, पोष्टमार्टम प्रतिवेदनसमेतबाट प्रतिवादीहरू भुवन दुरैली बि.क., गोपाल दुरैली बि.क., सुजन दुरैली बि.क. र रमेश दुरैली बि.क.को कर्तव्यबाट आशिष राइको मृत्यु भएको पुष्टि हुन आयो । यस स्थितिमा प्रतिवादीहरू रमेश दुरैली बि.क., सुजत भन्ने सुजन दुरैली बि.क. र गोपाल दुरैली बि.क.लाई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०३।०२ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने ठहऱ्याएको फैसला सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

उच्च अदालत पाटनबाट प्रतिवादीहरू रमेश दुरैली बि.क., सुजत भन्ने सुजन दुरैली बि.क. र गोपाल दुरैली बि.क.लाई १० वर्ष कैद सजाय गरेकोतर्फ विचार गर्दा, आशिष राइले वारदातको दिन रक्सी सेवन गरेको भनी अनुसन्धानको क्रममा बयान गर्ने मृतक आशिष राइका साथीहरू रामकृष्ण योञ्जन, ग्यालजेन तामाङ र होटल सञ्चालक इन्द्रबहादुर तामाङ र मन्दिरा गुरूङले मौकाको कागजमा उल्लेख गरेको पाइन्छ । मृतकको मृत्युको Blunt force Injury to the head भनी एउटै चोटको कारणबाट भएको उल्लेख भई प्रतिवादीहरूबाट भएको कुटपिटको चोटकै कारण निजको मृत्यु भएको भन्ने प्रमाणबाट पुष्टि हुन सकेकोसमेत देखिँदैन । प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी अचेत अवस्थामा पुऱ्याएपछि उपचारका लागि अस्पताल पुऱ्याएको भन्नेसमेत मिसिल संलग्न प्रमाणहरूबाट देखिँदा प्रतिवादीहरूको मृतक मार्ने मनसाय नरहेको प्रस्ट देखिन्छ । यसरी तत्कालीन परिस्थितिजन्य अवस्था र प्रतिवादीहरूको संलग्नता, मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी र पूर्वतयारी नरहेको तथा मृतकलाई उपचार गराउन अस्पतालसमेत पुऱ्याएको भन्ने देखिँदा यी प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा पनि ऐनको आशय पुग्ने हुँदा यी प्रतिवादीहरू रमेश दुरैली बि.क., सुजत भन्ने सुजन दुरैली बि.क. र गोपाल दुरैली बि.क.लाई १० वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत पाटनबाट व्यक्त भएको रायलाईसमेत अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीहरू भुवन दुरैली बि.क. गोपाल दुरैली बि.क., सुजत भन्ने सुजन दुरैली बि.क. र रमेश दुरैली बि.क.ले साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं. अनुसारको कसुर अपराधमा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला

अदालतबाट भएको फैसला सदर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा पनि ऐनको आशय पुग्ने हुँदा यी प्रतिवादीहरू रमेश दुरैली बि.क., सुजत भन्ने सुजन दुरैली बि.क. र गोपाल दुरैली बि.क.लाई १० वर्ष कैदको सजाय हुने राय कायम गरी उच्च अदालत पाटनबाट मिति २०७७।१२।२ मा भएको फैसला न्यायोचित नै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल वैशाख १२ गते रोज ३ शुभम्।

**१७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी**, *०७७-CR-०७६८, जबरजस्ती करणी, सुवास भन्ने सर्मन्त दोलाई वि. नेपाल सरकार*

मौकामा बुझिएका दिपक तामाङले मिना तामाङको रोहबरमा मिति २०७५।११।१८ गते अन्दाजी १३:३० बजेको समयमा मसमेत जिल्ला धादिङ, नीलकण्ठ नगरपालिका, वडा नं.३ स्थित अरूण खोला किनारामा परिवर्तित नाम धादिङ २४ (५९६) सँग खेल्न गएको अवस्थामा प्रतिवादी सुवास दोलाई आई पीडितलाई बोलाई एकान्त स्थानमा लगेको थियो, हामी खेल्दै थियौँ। पछि निज साथी रून थालेपछि हेर्दा निज सुवास दोलाईले साथीलाई भुइँमा सुताई माथि चढेको देखी म कोठामा गई आमालाई भनेको हो भन्नेसमेत बेहोराको घटना विवरण कागज गरी अदालतसमक्षसमेत बकपत्र गरेको देखिन्छ। त्यस्तै मौकामा बुझिएका लक्ष्मण तामाङ, रबिना तामाङ र मिना तामाङले मिति २०७५।११।१८ गते अन्दाजी १३:३० बजेको समयमा जाहेरवालाको छोरी परिवर्तित नाम धादिङ २४(५९६) लाई साथीहरूसँग खेल्न गएको अवस्थामा जिल्ला धादिङ, नीलकण्ठ नगरपालिका, वडा नं.३ कारागार पछाडि अरूण खोलाको किनारमा प्रतिवादी सुवास दोलाईले ललाइ फकाइ रू.१००।– नगद दिई प्रलोभनमा पारी बोलाई जबरजस्ती करणी गरेको भनी सुनी थाहा पाई पीडितलाई सोधपुछ गर्दा पीडितले पनि उक्त कुरा बताएपछि जबरजस्ती करणी गरेको भन्ने मैले सुनी थाहा पाएको हो भन्नेसमेत बेहोराको एकै मिलानको कागज लेखाई अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रसमेतबाट पीडितउपर प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको तथ्य स्थापित हुने।

धादिङ्ग २४(५९८) को किटानी जाहेरी दरखास्त रहेको र सो जाहेरी बेहोरा अदालतमा आई निजले गरेको बकपत्रबाट समर्थित भएको, पीडित धादिङ्ग २४(५९६) को मौकाको कागज, साक्षीहरूले मौकामा गरेको कागज उक्त कागजको तथ्य बेहोरालाई पुष्टि र समर्थन गर्दै सुरू अदालतमा समेत गरेको बकपत्र र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी सुवास भन्ने सर्मन्त दोलाई विरूद्ध आरोपित कसुर स्थापित भएको सन्दर्भमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ (३) बमोजिम प्रतिवादीलाई १६ वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। जाहेरी बेहोरा, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन बेहोरा र पीडितको अदालतको बेहोरा तात्त्विक रूपमा भिन्नता भएको अवस्थामा कसुरदार ठहऱ्याएको उच्च अदालतको फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी सुवास भन्ने सर्मन्त दोलाईले पीडित धादिङ २४(५९६) लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको देखिँदा निज पुनरावेदक प्रतिवादी सुवास भन्ने सर्मन्त दोलाईलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ (३) (क) बमोजिमको कसुर ठहर गरी २० वर्ष कैद सजाय हुने साथै सोही संहिताको दफा २२८ बमोजिम दिलाउनुपर्ने क्षतिपूर्ति प्रतिवादी सुवास भन्ने सर्मन्त

दोलाई विदेशी भारतीय नागरिक भएकोले निजको नेपाल सरहदभित्र सम्पत्ति रहेको नदेखिँदा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३० को उपदफा (४) बमोजिम पीडितले क्षतिपूर्तिबापत एक लाख रूपैयाँ पीडित राहतकोषबाट भराइपाउने, प्रतिवादी सुवास भन्ने सर्मन्त दोलाईले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(ज) बमोजिम क्षतिपूर्ति शुल्कबापत दुई हजार दुई सय रूपैयाँ पीडित राहत कोषमा बुझाउनुपर्ने गरी धादिङ जिल्ला अदालतबाट भएको फैसलामा कैदको हकमा केही उल्टी भई प्रतिवादीको उमेर अवस्थासमेतलाई विचार गरी न्यूनतम सजाय गरे पनि न्यायको मकसद पूरा हुने देखिई तत्काल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (क) बमोजिम प्रतिवादीलाई न्यूनतम कैद वर्ष १६ (सोह्र) हुने साथै कसुर र क्षतिपूर्तिको हकमा सदर कायम हुने गरी उच्च अदालत पाटनबाट मिति २०७६।११।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुभद्रा जि.सी, पुजा सुवेदी

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख १२ गते रोज ३ शुभम् ।

**१८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-CI-०८५२, निषेधाज्ञासमेत, डा.भाइकाजी तिवारी वि. निर्मलकुमार श्रेष्ठ*

प्रत्यर्थी निवेदकको कि.नं. १०५ को जग्गामा अवस्थित घर उत्तरको सडक काठमाडौं उपत्यका विकास प्राधिकरण (साबिक काठमाडौं नगर विकास समिति) को मिति २०४५।०७।२९ र मिति २०४६।०५।१२ को निर्णय अनुसार निर्देशित जग्गा विकास योजना (GLD) अन्तर्गत पर्ने सडक भएकोले सो GLD को मापदण्ड अनुसार ४ मिटर हुने गरी विस्तार गर्नुपर्ने प्रयोजनका लागि निवेदकको घरसमेत पर्ने गरी चौडाइ २ फिट र लम्बाइ ६९ फिट पर्ने हुने गरी चिन्ह लगाइएको भन्ने तथ्य मिसिलबाट देखिन आउँछ । उल्लिखित नाप अनुसार निवेदकको घर भत्काइँदा निवेदकको घर लगायतका संरचनामा क्षति पुग्नुका अतिरिक्त ठुलो मात्रामा जग्गासमेत सडकमा पर्न जाने देखिन्छ । त्यसरी निवेदकलाई पर्न जाने क्षतिको आकलन गरी कानूनबमोजिम क्षतिपूर्ति वा मुआब्जा निर्क्यौल गरिदिनुपर्नेमा पुनरावेदक प्राधिकरणले तत्कालीन जग्गाधनी र मोहीले सहमति गरी केही नलिई GLD सडकका लागि जग्गा छाडेको हो भनी क्षतिपूर्ति वा मुआब्जा दिनु नपर्ने भनी जिकिर लिएको देखिन आउँछ । यद्यपि, को को जग्गाधनी र मोहीहरू भई त्यस्तो सहमति गरेको हो र सहमति कहिले भएको हो ? कुन निकायले सहमति गराएको हो ? सहमतिका लिखितहरू कुन निकायमा छ ? आदि विषयमा पुनरावेदक प्राधिकरण मौन रहनुका अतिरिक्त सो तथ्य पुष्टि हुने कुनै प्रमाणसमेत पेस हुन सकेको मिसिलबाट देखिँदैन । साथै, साबिक जग्गाधनी हरिबहादुर थापाबाट बिमलाकुमारी नापित (थापा) हुँदै कि.नं. १०१६ को जग्गा निवेदक निर्मलकुमार श्रेष्ठको नाउँमा राजीनामाको माध्यमबाट आएकोमा ती साबिक जग्गाधनी हरिबहादुर थापाले बाटो विस्तारको विरूद्धमा यस अदालतमा रिट निवेदन गरेको भन्ने तथ्य लक्ष्मण अर्यालले पुनरावेदन अदालत पाटनमा पेस गरेको लिखित जवाफबाट देखिन्छ । सडक निर्माणको लागि सहमति गरी केही नलिई जग्गा छाडेको हो भने सडक विस्तारको विरूद्धमा हरिबहादुर थापाले रिट निवेदन किन दायर गर्नुपरेको हो ? सो तथ्यसमेत विपक्षी पुनरावेदकले उजागर गर्न सकेको अवस्था छैन । सुरू मिसिल संलग्न उक्त राजीनामा लिखतमा समेत GLD सडक ४ मिटर विस्तार गर्ने प्रयोजनका लागि यो यति जग्गा यसतर्फबाट छाड्नुपर्ने सहमति भएको भन्ने कुनै कैफियत बेहोरासमेत उल्लेख भएको देखिँदैन । यस स्थितिमा केही नलिई सो GLD सडकका लागि जग्गा छाड्ने जग्गाधनी र मोहीको सहमति भएको भन्ने

पुनरावेदकको जिकिर पुष्टि हुन सकेको देखिएन।

प्रत्यर्थी निवेदकले दर्ता स्रेस्ताबमोजिमको उक्त कि.नं.१०५ को जग्गामा घरलगायतका संरचना निर्माण गरी बसोबास गरेको देखिन्छ । पुनरावेदक प्राधिकरणले प्रत्यर्थी निवेदकले आफ्नो हकभोगभन्दा बाहिर गई सार्वजनिक वा सरकारी जग्गा मिचेर घर बनाएको भनी भन्न सकेको अवस्था छैन। सो अवस्था नरहँदा नरहँदै पनि पुनरावेदकले निवेदकको निर्विवाद हकभोगको जग्गा र घरमा क्षति पुग्ने गरी कार्य गर्न खोजेको पाइन्छ। त्यसरी कार्य गर्दा पुनरावेदक विपक्षीले प्रत्यर्थीको मन्जुरी वा प्रत्यर्थीलाई कानूनतः क्षतिपूर्ति वा मुआब्जा निर्धारण गरिदिएर मात्र गर्नुपर्नेमा मुआब्जा वा क्षतिपूर्ति निर्धारण नगरी GLD सडकको मापदण्ड अनुसार सडक विस्तार गर्न लागेको कारण दर्साइ पुनरावेदकले क्षतिपूर्ति वा मुआब्जा दिन नपर्ने अर्थ गरेको देखियो । पुनरावेदकलगायतका सरकारी निकायहरू राज्यद्वारा खडा गरिएका यी प्रत्यर्थीहरूभन्दा सबल निकाय भएकोमा विवाद छैन। राज्यअन्तर्गतका त्यस्ता सरकारी निकायहरूलाई कानूनले नै सबल र अधिकार सम्पन्न बनाएको हुन्छ । ती निकायहरूलाई सबल र अधिकार सम्पन्न बनाउनुको उद्देश्य सर्वसाधारणको हक हितमा प्रभावकारी ढङ्गले आफूमा निहित कर्तव्य निर्वाह गर्न सकुन् भन्ने हो । अधिकारको प्रयोग र कर्तव्यको पालना गर्दा ती निकायले अझ सचेत र सजग भई नागरिक हक र अधिकारमा आँच नआउने गरी कानूनले निर्देश गरेअनुरूप कार्य गर्नुपर्ने हुन्छ । सबलताको आडमा कानूनी प्रावधानहरूलाई अन्देखा गरी नागरिक हक र अधिकारको उल्लंघन हुने गरी कुनै कार्य गरिए वा गर्न खोजे त्यस्तो कार्य स्वेछाचारी मानिने भई त्यस्ता कार्यलाई कुनै पनि दृष्टिकोणले उचित ठहऱ्याउन सकिँदैन । उल्लिखित परिप्रेक्ष्यमा, सर्वसाधारणको हकहितमा कार्य गर्ने जिम्मेवार निकायको हैसियतले पुनरावेदक प्राधिकरणलगायतका अन्य सम्बद्ध निकायहरूले प्रत्यर्थी निवेदकको के कस्तो भाग भत्काउनुपर्ने हो ? के कस्तो क्षति हुने हो ? भत्काउनुपर्ने संरचना वा भागको के कति वा कसरी कानूनबमोजिमको क्षतिपूर्ति वा मुआब्जा निर्धारण गर्नुपर्ने हो ? ती कुराहरू निक्यौंल गरी मौजुदा कानूनबमोजिमको मुआब्जा वा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो नगरी पुनरावेदक प्राधिकरण एकाङ्गी तवरले मापदण्ड विपरीतको अतिक्रमित संरचना भनी प्रत्यर्थी निवेदकको घरलगायतको संरचना भत्काउन अग्रसर भएको देखिने।

प्रत्यर्थी निवेदकलाई कानूनबमोजिम क्षतिपूर्ति र मुआब्जा नदिई प्रत्यर्थी निवेदकको घरलगायतका संरचनामा अतिक्रमण गरी भत्काउने, हटाउने कार्यलाई सर्वथा न्यायोचित मान्न नमिल्ने हुँदा निवेदकको मागबमोजिम बाटो विस्तार गर्ने कार्य कानूनबमोजिमबाहेक नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी गर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।०९।२२ गतेको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल जेष्ठ ३१ गते रोज ३ शुभम्।

## इजलास नं. ६

### १९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७४-WO-०४३१, उत्प्रेषणसमेत, भोगेन्द्र यादव वि. उच्च अदालत जनकपुर राजविराज इजलाससमेत*

सिराहा जिल्ला अदालतबाट मिति २०७४।०३।१६ मा भएको आदेशउपर उच्च अदालत जनकपुर, राजविराज इजलासमा प्रतिवादी लालबाबु यादवले मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन

दिएकोमा "लेनदेनका साहु आसामीले मिलापत्र गर्ने निवेदन दिएकोमा निवेदनको पूर्णता निष्कर्ष नहुँदै साहुले आसामी ऋणीको जग्गा लिलाम बदर या दण्ड सजायको ६१ नं. बमोजिम निवेदन दिएको अवस्थामा सो निवेदनको अन्तिम टुङ्गोको म्याद बाँकी हुँदा नै अदालतबाट मिति २०७३।१२।२४ मा अंश मुद्दामा फैसलाबमोजिम बन्डा बिगो नं. ७९८ को कार्यान्वयन नभएको भनी लिलाम स्थगित गरिएकोमा स्थगित भएपछि थप कुनै अन्य कारबाही नभई पूर्वावस्थामा लिलाम गर्नुपर्ने कारण स्पष्ट नगरी लिलामको सूचना प्रकाशित गर्दा बिगो रू.१,९४,७५०।- भराइदिने प्रयोजनार्थ सूचना दिई कुल रू. ५,७८,७५०।- मा ऋणी लालबाबुको अंश भागको जग्गा लिलाम गर्ने गरेको मिति २०७४।०२।२१ को लिलाम र सो लिलामको आधारमा जारी भएको मिति २०७४।०३।१८ को दा.खा. चलन पुर्जीसमेत बेरितको देखिँदा बदर गरिदिएको छ। अब लेनदेनका साहु आसामीलाई म्याद जारी गरी कानूनबमोजिम बिगो असुलतर्फ कारबाही गर्नुहोला" भनी सो अदालतबाट आदेश भएको देखिने।

उच्च अदालत जनकपुर, राजविराज इजलासले आदेश गर्दा लिइएको आधारलाई विश्लेषण गरी हेर्दा फैसला कार्यान्वयनको सिलसिलामा सिराहा जिल्ला अदालतले गरेको काम कारबाहीमा के कुन कानूनी एवम् कार्यविधिगत त्रूटि भएको भन्ने स्पष्टरूपमा खुलाउन सकेको देखिँदैन। दुवै पक्षले मिलापत्र गर्ने भनी निवेदन दिएर अनन्तकालसम्म मिलापत्र नगरी फैसला कार्यान्वयनको कामलाई लम्ब्याउन मिल्दैन। साबिक मुलुकी ऐन, दण्ड सजायको महलले फैसला कार्यान्वयन निश्चित समयभित्र सम्पन्न गरिसक्नुपर्ने उल्लेख गरेको अवस्थामा दुबै पक्षले निश्चित अवधि नतोकी निवेदन दिएकै भरमा फैसला कार्यान्वयन रोकिरहनु औचित्यपूर्ण हुन आउँदैन । वादीले प्रतिवादीबाट असुल गर्नुपर्ने बिगो रकम म्याद सूचनामा फरक पर्ने गरी उल्लेख गरिएको भन्ने सन्दर्भमा फैसलाले ठहरेको बिगो अङ्कभन्दा बढी हुने गरी अदालतबाट डाँक लिलाम भएको अवस्था छैन। सोतर्फ कसैको दाबीसमेत रहेको देखिँदैन। अदालतबाट मिति २०७३।१२।२४ मा अंश मुद्दामा भएको फैसलाबमोजिम बन्डा बिगो नं. ७९८ को कार्यान्वयनको सिलसिलामा भएको बन्डा मुचुल्काउपर कसैको प्रतिवाद भएकोसमेत नदेखिने।

सिराहा जिल्ला अदालतबाट वादी विपक्षीमध्येका लक्ष्मी यादव र प्रतिवादी विपक्षीमध्येका लालबाबु यादवबिच चलेको लेनदेन मुद्दाको बिगो भराउने सिलसिलामा भएको फैसला कार्यान्वयनको कार्यमा यो यस कानूनी एवम् कार्यविधिगत त्रूटि रहे भएको भनी स्पष्ट आधार र कारण उल्लेख नगरी डाँक लिलामसम्बन्धी सम्पूर्ण काम कारबाही बदर गर्ने गरी उच्च अदालत जनकपुर, राजिवराज इजलासबाट मिति २०७४।०८।२८ मा भएको आदेश कानूनसम्मत देखिन आएन । तसर्थ माथि विवेचित आधार, कारण एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको रोहमा उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।०८।२८ मा भएको बेरितपूर्ण आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब, सुरू सिराहा जिल्ला अदालतबाट फैसला कार्यान्वयनको क्रममा रीतपूर्वक भएको काम कारबाहीबमोजिम निवेदक भोगेन्द्र यादवको नाउँमा डाँक लिलामबाट दाखेल खारेज नामसारी भई गएको जग्गा निजको नाउँमा यथावत कायम गरिदिन मालपोत कार्यालयमा लेखी पठाइदिनु भनी विपक्षी सिराहा जिल्ला अदालतसमेतको नाउँमा परमादेशसमेत जारी गरिदिएको।

इजलास अधिकृत : हिरा डंगोल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७७ साल चैत्र २२ गते रोज १ शुभम् ।

**२०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-०३६५, ०७८-RC-*

*०००१, जबरजस्ती करणी र कर्तव्य ज्यान, नेपाल सरकार वि. सन्दिपकुमार धोवी, नेपाल सरकार वि. सन्दिपकुमार धोवी*

मृतकको शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्युको कारण Manual Strangulation of Neck भन्ने उल्लेख भएको अवस्थामा मृतकको मृत्यु घाँटी थिचेको कारण स्वासप्रश्वास अवरोध भई भएको भनी मान्नुपर्ने हुन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए तापनि निजले अनुसन्धानको क्रममा मृतकलाई कर्तव्य गरी मारेको तथ्यमा साबित रही गरेको बयान मिसिल संलग्न घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवालाको किटानी जाहेरी तथा सो बेहोरालाई समर्थन गरी अदालतमा गरेको बकपत्र, घटना विवरण गरिदिने व्यक्तिहरूको घटना विवरण कागज तथा घटना विवरण कागज गरिदिने तथा बुझिएका व्यक्तिहरूले सुरू अदालतमा गरेको बकपत्रको बेहोराबाट समर्थित भएको पाइन्छ । तथ्यपरक तथा वस्तुनिष्ठ प्रमाणको अभावमा निज प्रतिवादीले सुरू अदालतमा गरेको इन्कारी बयानको आधारमा मात्र निजले मृतकलाई कर्तव्य गरी मारेको होइनन् भनी मान्न नमिल्ने ।

प्रतिवादीले मृतकलाई जबरजस्ती करणी गरेको भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दासमेत मृतकलाई जबरजस्ती करणी गरेको कुरामा पूर्णरूपमा इन्कार रही बयान गरेको र अदालतमा समेत सोही बेहोरा उल्लेख गरी बयान गरेको पाइन्छ । मृतकको पोष्टमार्टम रिपोर्टमा Abrasion on upper part of vegina, erosion on labia michora भनी उल्लेख भए पनि करणी भएको कुरा पुष्टि गर्ने अन्य वस्तुगत सबुत प्रमाण वादीले पेस गर्नसकेको पाइँदैन । मृतकको Veginal Swab मा शुक्रकीट पाइन्छ कि पाइँदैन भनी परीक्षणको लागि पठाइएकोमा Centeral Police Forensic Sciene Laboratory Report मा Semen could not be confirmed on exhibit nos. २, ३ and ४ भनी उल्लेख भएको अवस्थाबाट समेत झगडा हुँदा चोट लाग्न गई Abration देखिएको हुनसक्दछ । प्रतिवादी र मृतकबिच घाँस काट्ने विषयलाई लिएर भएको झगडाको कारणले प्रतिवादीले मृतकलाई सलले घाँटी कसी मृतकको मृत्यु भएको अवस्थामा पीडितले मृतकलाई जबरजस्ती करणीसमेत गरेको भनी भन्न मिल्ने विश्वसनीय तथा वस्तुगत सबुत प्रमाण मिसिल सामेल रहेको नदेखिँदा प्रतिवादीले मृतकलाई जबरजस्ती करणी गरेको हो भनी शंकाको भरमा अभियोग पुष्टि गरी सजाय गर्नु कानून तथा न्यायको दृष्टिमा उचित देखिँदैन । जबरजस्ती करणीतर्फ सफाइ दिने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसलालाई अन्यथा मान्न मिलेन । जबरजस्ती करणीतर्फ सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी सन्दिपकुमार धोवीलाई अभियोग माग दाबीबमोजिम साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ ¬(३) नं. बमोजिमको कसुर अपराधमा सोही महलको १३ (३) नं. अनुसार जन्मकैदको सजाय हुने र सजायको हकमा साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्ने र जबरजस्ती करणीको महल १,१(घ)३(२) को कसुर अपराधमा सोही ऐनको ३(२) नं. बमोजिम सजाय गरी जबरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्तिसमेत भराइपाउँ भन्नेसम्मको वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७६।२।३० मा भएको फैसला सदर गरी सजाय घटाएको हदसम्म केही उल्टी गरी निज प्रतिवादीलाई १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल

इजलासबाट मिति २०७६।९।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७८ असोज १७ गते रोज १ **शुभम् ।**

**२१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CI-१४१२, दर्ता बदर दर्तासमेत, सीतादेवी पौडेल वि. प्रेमबहादुर रंजितकार*

पुनरावेदनपत्रमा विवादित कि.नं. ७५ समेतका जग्गाहरू हाम्रा परदाताको निवेदनबमोजिम मिति २०५३।०२।३२ मा मालपोत कार्यालयबाट परदाताका पिता गणेशबहादुर रंजितकारको नाममा दर्ता नामसारी हुने गरी गरेको निर्णय र परदाता कृष्णकुमारका नाममा मिति २०५४।१०।१२ मा भएको नामसारी निर्णयलाई विपक्षीले हालसम्म बदर माग नगरी सोपश्चात् भएका खरिद बिक्री बेहोरालाई मात्र बदर माग गर्नुभएको अवस्थामा मूल स्रोतको विषयलाई स्वीकार गरी सोपछिका व्यवहारलाई मात्र बदर माग गर्दैमा बदर हुने अवस्था नरहनुका साथै पुनरावेदन अदालतले फैसला गर्दा लिएको आधार ने. का. प. २०५२ अङ्क १० नि.नं. ६०९६ मा प्रतिपादित सिद्धान्त यस मुद्दामा आकर्षित हुन नसक्ने हुँदा र.नं. ११२६९(क) मिति २०६२।१०।१० को राजीनामाको लिखत बदर हुनुपर्ने होइन । पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०३।२७ मा भएको फैसला उल्टी गरी सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर होस् भन्ने पुनरावेदक प्रतिवादीको मुख्य जिकिर रहेको देखिने ।

अतः काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहर गरी मिति २०६९।०५।३१ मा भएको फैसलालाई उल्टी हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । सो फैसला उल्टी हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : दामोदर रेग्मी

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल चैत्र १० गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७२-CI-१४११, लिखत दर्ता बदर दर्तासमेत, सीतादेवी पौडेल वि. प्रेमबहादुर रंजितकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-CI-०५५५, दर्ता बदर दर्तासमेत, हर्षमान महर्जन वि. प्रेमबहादुर रंजितकार, सीतादेवी पौडेल वि. प्रेमबहादुर रंजितकार*

यसमा प्रेमबहादुर रंजितकार प्रतिवादी र गणेशबहादुर रंजितकार वादी भई काठमाडौं जिल्ला अदालतमा दर्ता बदर हक कायम मुद्दासमेत चली मिति २०४६।११।३० मा काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्ने गरी भएको फैसला विरूद्ध प्रतिवादी प्रेमबहादुर रंजितकारले पुनरावेदन गरेकोमा सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५२।१०।०८ मा फैसला भएकोमा उक्त फैसलामा चित्त नबुझाई प्रतिवादी प्रेमबहादुर रंजितकारले सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी निवेदन दिई निस्सा प्रदान भई पुनरावेदन अदालत पाटनको मिति २०५२।१०।०८ को फैसला बदर गरी पुनः निर्णय गर्नु भनी पुनरावेदन अदालत, पाटनमा पठाउने गरी सर्वोच्च अदालतबाट मिति २०६३।०३।०१ मा फैसला भएकोले पुनरावेदन अदालत, पाटनमा पुनः चलेको संवत् २०६३ सालको दे.पु.नं. २०९७ को दर्ता बदर हक कायम मुद्दामा पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।१२।२६ मा फैसला हुँदा यस अदालतको

मिति २०६३।०३।०१ को फैसलामा विवेचित आधार, कारण एवम् तथ्यहरूबाट विवादित जग्गा तुइसिंको १८ नं. लगतबाट भिड्ने जग्गा हुन् भनी वादीहरूले फिरादमा दाबी लिए तापनि सो लगतलाई पुष्टि गर्ने कुनै सबुद प्रमाण वादी पक्षले पेस गर्न नसकेको, सो १८ नं. लगतबाट तुइसिं लक्ष्मीमायाका पति हुन् भन्ने कुरा पुष्टि नभएको, मिति १९६७।०७।०५ को बन्डापत्र, मिति १९८३।१२।०६ को शेषपछिको बकसपत्र र १८ नं. लगतवाला तुइसिंबिचको सम्बन्धको तादम्यता नदेखिएको, उक्त बन्डापत्रमा १८ नं. दर्तावाला तुइसिंको लगत उल्लेख नभएकोसमेतका आधारमा वादी दाबीको जग्गा वादीको हो । भन्ने नदेखिएको साथै विवादित जग्गा कमाउने तत्कालीन मोही कान्छा महर्जनले सर्भे नापीका बखत विवादित जग्गा नापी भई खडा भएको फिल्डबुकको किसानको बेहोरामा यो जग्गा प्रतिवादी प्रेमबहादुर रंजितकारको बाबु धन धिपाको हो मैले कुतमा कमाई खाएको छु भनी लेखाएको र सो तथ्यलाई वादी पक्षले सबुद प्रमाणबाट खण्डन गर्न नसकेको, विवादित कि.नं. ४८ र ५० का जग्गाधनी धन छिपा (धनबहादुर रंजितकार) रहेको तथा निज धन छिपा प्रेमबहादुर रंजितकारका पिता हुन् भनी मिति २०४०।०५।०५ मा भएको सर्जमिन मुचुल्काबमोजिम तत्कालीन काठमाडौं नगर पञ्चायत वडा नं. १२ ले सोही मितिमा दिएको सिफारिसबाट समेत उक्त जग्गा प्रेमबहादुर रंजितकारको हकको देखिएको भनी सिफारिस भई आएको र विवादित जग्गाको राजश्व तहसिलसमेत यिनै पुनरावेदकका बाबु धनबहादुर रंजितकारले मिति २००९।११।२१ मा बुझाएको भन्ने रसिदको प्रतिलिपिबाट देखिएको, मिति २०२१ सालमा भूमि प्रशासन लागु हुँदा पनि जग्गाधनीहरूले अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था भएको अनिवार्य बचतबापत रकम यी पुनरावेदकले नै दाबीको जग्गामा समेत बुझाएको भन्ने देखिएकोसमेतका आधार, प्रमाणका आधारमा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०४६।११।३० को फैसला मिलेको नदेखिँदा सुरू फैसला उल्टी भई वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदक प्रतिवादी प्रेमबहादुर रंजितकारको माग दाबीबमोजिम हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।१२।२६ मा भएको फैसला विरूद्ध वादी पक्षको यस अदालतमा पुनरावेदन परेको अवस्थासमेत नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।१२।२६ मा भएको फैसला अन्तिम भई बसेको देखिने ।

पुनरावेदन अदालत, पाटनबाट मिति २०५२।१०।०८ मा दर्ता बदर हक कायम मुद्दामा भएको फैसला हाम्रो परदाताको हकमा अन्तिम हो भनी पुनरावेदक प्रतिवादीहरूले जिकिर लिए तापनि प्रस्तुत मुद्दाका प्रत्यर्थीले सोही मुद्दाको सम्बन्धमा मिति २०५२।१२।१६ मा यस अदालतमा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति पाउँ भनी निवेदन दर्ता गराएकोमा मिति २०५८।११।२६ मा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्राप्त भई पुनरावेदनको रोहमा दर्ता भएको संवत् २०५८ सालको दे.पु.नं. ७३१६ को दर्ता बदर हक कायम मुद्दा यस अदालतबाट मिति २०६३।०३।०१ मा फैसला भई पुनरावेदन अदालत पाटनको मिति २०५२।१०।०८ को फैसला बदर गरी बयान र बुझ्नुपर्ने प्रमाण भए बुझी पुनः फैसला गर्नु भनी फैसला भएको अवस्थामा विवादित जग्गाको निमित्त पुनरावेदन अदालत, पाटनको मिति २०५२।१०।०८ को फैसला अन्तिम नहुँदै मिति २०५३।०२।३२ मा मालपोत कार्यालयबाट गणेशबहादुर रंजितकारको नाममा दर्ता नामसारी हुने गरी गरेको निर्णय र मिति २०५४।१०।१२ मा कृष्णकुमारका नाममा भएको नामसारी निर्णयलाई बदर माग गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिने ।

अतः काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहर गरी मिति २०६९।०५।३१ मा भएको फैसलालाई उल्टी हुने ठहऱ्याई तत्कालीन

पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । सो फैसला उल्टी हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दामोदर रेग्मी

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल चैत्र १० गते रोज ५ शुभम्।

- यसै लगाउका ०७२-CI-०५९८, दर्ता बदर दर्तासमेत, हर्षमान महर्जन वि. प्रेमबहादुर रंजितकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**२३**

**मा.न्या. सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-WO-०३०२, उत्प्रेषणसमेत, आङनिमा शेर्पा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

मिसिल संलग्न कागजातहरू अध्ययन गर्दा जिल्ला शिक्षा कार्यालय काठमाडौंको च.नं. ३९७५ मिति २०७२।१०।६ को पत्रबाट निवेदक आङनिमा शेर्पालाई ३ वर्षको लागि बुद्ध एकेडेमीको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नियुक्त गरेको देखिन्छ। तथापि तत्कालीन अध्यक्ष नरबहादुर बुढाथोकीलाई जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट च.नं. ३४९५ मिति २०७२।०९।०८ को पत्रबाट हटाइएकोमा सो निर्णयउपर दायर उत्प्रेषणसमेतको निवेदनमा उच्च अदालत पाटनबाट मिति २०७४।५।२३ मा निवेदक नरबहादुर बुढाथोकीलाई विद्यालय व्यास्थापन समितिको अध्यक्षबाट हटाउने गरी भएको जिल्ला शिक्षा कार्यालयको मिति २०७२।९।८ को पत्रलाई बदर गरी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा रही पूर्ववत् काम गर्न दिनु भनी परमादेशसमेतको आदेश भएको देखिने।

विपक्षी नरबहादुर बुढाथोकीसमेतउपर विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर भई सो मुद्दा विचाराधीन रहेको अवस्थामा निजको निर्देशनमा विद्यालयको बैंक खातासमेत रोक्का राख्ने कार्य भएको भनी त्यस्तो कार्य गैरकानूनी रहेको भनी बैङ्क खाता रोक्काको निर्णय बदर गरिपाउन माग दाबी लिई प्रस्तुत निवेदन यस अदालतमा दायर हुन आएको पाइन्छ। यसै निवेदनका सम्बन्धमा यस अदालतबाट मिति २०७४।७।२३ मा जारी भएको अन्तरिम आदेश खारेजको माग राखी निवेदन पर्न आएबमोजिम मिति २०७४।०८।२६ मा यस अदालतबाट पहिले जारी भएको अन्तरिम आदेश खारेज हुने गरी आदेश भएको देखिन्छ। मूलत: आज प्रस्तुत निवेदनको सुनुवाइको क्रममा निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरू स्वयम्का तर्फबाट समेत तत्कालीन अवस्थामा बुद्ध एकेडेमीको रोक्का रहेको बैंक खाता हाल सुचारू रहेको हुँदा निवेदनमा उठाइएको विषयवस्तुको सान्दर्भिकता कायम नरहेको भनी इजलाससमक्ष बहसका क्रममा अनुरोध गर्नुभएको अवस्था हुँदा प्रस्तुत रिट निवेदनमा उठाइएका अन्य विषयमा विचार गरिरहनपर्ने नदेखिने।

विपक्षीहरूबाट भएको बैङ्क खाता रोक्काको जुन काम कारबाहीलाई बदर गरिपाउन माग दाबी लिई प्रस्तुत निवेदन पर्न आएको हो सो बैङ्क खाता सुचारू भइसकेको र हाल निवेदनको सान्दर्भिकतासमेत समाप्त भइसकेको भनी निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूबाट बहसको सिलसिलामा भनाइ राख्नुभएको देखिँदा निवेदन मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने।

इजलास अधिकृत : शिवबहादुर थापा/दामोदर रेग्मी

इति संवत् २०७९ साल पुस २१ रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-WO-१०५३, उत्प्रेषणसमेत, आङग दोर्जे शेर्पा वि. क्षेत्रीय शक्षा निर्देशनालय मध्यमाञ्चल हेटौंडासमेत

- ०७२-WO-०५१२, उत्प्रेषणसमेत, नरबहादुर बुढाथोकी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत

२४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-०८५८, जग्गा खिचोला चलन, प्रमेश्वर यादवसमेत वि. रामनाथ यादव*

मिसिल संलग्न रहेको जग्गाधनी प्रमाणपुर्जामा प्रत्यर्थी वादी रामनाथ यादवको नाम दर्तामा सिराहा जिल्ला, सिराहा वडा नं. १ कि.नं. ३०२४ मा ज.वि. ०-३-२१/२ क्षेत्रफल रहेकोमा सुरू सिराहा जिल्ला अदालतको आदेशबमोजिम नापी कार्यालय, सिराहाको च.नं. ३५७ मिति २०६९।१०।२४ को पत्रसाथ प्राप्त नक्साको ट्रायल चेक हेर्दा उक्त कि.नं. ३०२४ को उत्तरतर्फको पूर्व-पश्चिम लम्बाइ २३२', दक्षिणतर्फको पूर्व-पश्चिम लम्बाइ २४४', पूर्वतर्फ उत्तर-दक्षिण चौडाइ ४६' र पश्चिमतर्फ उत्तर-दक्षिण चौडाइ ५०' र क्षेत्रफल ०-३-२१/२ रहेको भई वादीको जग्गाको क्षेत्रफलमा विवाद रहेको नदेखिने।

विवादित स्थानबाट भइआएको नाप नक्सा मुचुल्काबाट पुनरावेदक प्रतिवादीको हकभोगको निर्विवादित जग्गा भनी न.नं. ४ र ५ मा ज.वि. ०-४-१७.७४ रहेकोमा सो जग्गा नापी कार्यालयबाट प्राप्त ट्रायल चेकमा उल्लेख गरिएको चारैतर्फको नाप र क्षेत्रफलभन्दा बढी नै देखिएकोमा सो यस किसिमले बढी हुन गएको भनी यी पुनरावेदक प्रतिवादीले समयमा जिरह गरेको वा अन्य प्रमाणबाट पुष्टि गर्न सकेको नपाइने।

प्रत्यर्थी वादीको निर्विवाद जग्गा भनी न.नं. १ र २ मा ज.वि. ०-३-३.५९ जग्गा देखिए पनि ट्रायल चेकमा निजको जग्गाको पश्चिमतर्फ उत्तर-दक्षिण चौडाइ ५० फिट भएकोमा नाप नक्सामा ४८ फिट मात्र रहेको र उक्त कि.नं. ३०२४ को जग्गाको उत्तरतर्फको सीमाना सिधा रेखामा रहेकोमा नाप नक्सा मुचुल्कामा सो जग्गाको उत्तरतर्फ प्रतिवादीको जग्गासँग जोडिएको स्थानबाट पश्चिमतर्फ विवादित जग्गा भनी न.नं. ३ मा देखाइएको जग्गाभित्र घुसेको प्रस्ट देखिने।

तसर्थ, सिराहा जिल्ला अदालतको फैसला उल्टी गरी वादीको निर्विवाद हक भोगको न.नं. १ को जग्गासँग मिलान हुने गरी नाप नक्सा मुचुल्कामा न.नं. ३ मा देखाइएको विवादित ०-०-१० जग्गामध्ये दक्षिणतर्फको ०-०-५ जग्गा प्रतिवादीहरूले खिचोला गरेको भनी वादीलाई चलन चलाइदिने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : गम्भीर घिमिरे/निराजन शर्मा

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७३-CI-१०६३, जग्गा खिचोला चलनपाऊँ, रञ्जनादेवी शर्मा वि. मनोजकुमार यादव भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-१२८१, लिखत दर्ता बदर दर्ता कायम, फेकनीदेवी यादव वि. दुखा भन्ने कामेश्वर साहसमेत*

वादी र प्रतिवादीमध्येका हरिनन्दन साहसमेत भई चलेको अंश दर्ता मुद्दामा वादीले प्रतिवादीबाट अंश पाउने ठहरी सप्तरी जिल्ला अदालतबाट मिति २०६३।९।१२ मा भएको फैसलाउपर तह तह हुँदै यस अदालतबाट २ भागको १ भागबाट ३ भाग लगाई ३ भागको २ भाग अंश वादी २ जनाले पाउने ठहरी मिति २०६३।९।१२ मा फैसला भई अन्तिम भएर बसेको

जग्गाको आकृति प्रकृति अनुसार सबै अंशियारलाई नरमकरम मिलाउनुपर्ने अवस्थामा विवादित जग्गा नै वादीको अंश भागमा पर्न सक्ने

स्थिति रहने हुँदा वादीले पाउने क्षेत्रफलभन्दा बढी जग्गा बाँकी नै रहेको भन्ने आधारमा त्यस्तो लिखतले वैधानिकता प्राप्त गर्नसक्ने नदेखिएको ।

सप्तरी जिल्ला अदालतको फैसला उल्टी गरी साबिकको कि.नं. ४३७, २०८ र २८ को जग्गाको हक हस्तान्तरण हुने गरी भएको लिखत बदर गरी वादीहरूको नाममा दा.खा. दर्ताका लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइदिने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : गम्भीर घिमिरे/निराजन शर्मा

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम् ।

## इजलास नं.७

### २६

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-CR-०८४९, वैदेशिक रोजगार कसुर, रामबाबु दाहाल वि. नेपाल सरकार*

प्रतिवादीले प्रकाश निरौलालाई गरिदिएको रू.६,५०,०००।- (छ लाख पचास हजार) को कपाली तमसुकको फोटोकपी पेस गरेको छ, सो सम्बन्धमा विचार गर्दा उक्त तमसुकमा २०७२।८।१७ भित्र तमसुकबमोजिमको रकम फिर्ता गर्ने छु भनी उल्लेख भएको देखिन्छ भने सोही मिति २०७२।८।१७ मा रामबोल कटुवालको नामबाट वैदेशिक रोजगारको लिखत भएको देखिन्छ । यसबाट कपाली तमसुक प्रकाश निरौलासँग भएको र वैदेशिक रोजगारको लिखत रामबोल कटुवालसँग भएकोले दुवै लिखतको रकम एउटै हो भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादीले आफूलाई फसाउने उद्देश्यले सहीछाप गराएको र आफूले जाहेरवालासँग कुनै रकम नलिएको भनी गरेको इन्कारी बयान पुष्टि प्रमाणित हुने कुनै प्रमाण प्रतिवादीबाट प्रस्तुत भएको अवस्था नहुँदा इन्कारी बयानको विश्लेषण नै नगरी गरिएको सुरू फैसला मिलेको छैन। आरोपित कसुरबाट सफाइ पाउनुपर्छ भनी प्रतिवादी रामबाबु दाहालले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

यसरी, प्रतिवादी र जाहेरवालाबिच मिति २०७४।८।१७ मा भएको कागजमा वैदेशिक रोजगारको लागि इजरायल पठाइदिने बेहोरा उल्लेख भएको, सो कागज यी प्रतिवादी आफैँले मस्यौदा गरी टाइप गराएको, प्रतिवादीउपर जाहेरवाला रामबोल कटुवालको किटानी जाहेरी परेको र सो जाहेरी बेहोरा पुष्टि हुने गरी मैले वैदेशिक रोजगारको लागि इजरायल मुलुकमा जाने भनी प्रतिवादीलाई रकम दिएकोमा प्रतिवादीले रकम बुझेपछि लिखत कागज गरिदिएका हुन् भनी बकपत्र गरिदिएको अवस्था भई प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन भनी निजसँग कुनै रकम नलिएको र आफू अर्को व्यवसाय गर्ने मानिस भएको भनी आरोपित कसुरमा इन्कार रहे पनि मौकामा बयान गर्दा श्रमसम्बन्धी लिखत कागज गरेकोमा साबित रहेको देखिन्छ भने न्यायाधिकरणसमक्ष बयान गर्दा झुक्याई कागज गराएका हुन् भनी कागज गरेको कुरामा साबित रहेको देखिन्छ । कागज गर्दा आफ्नो सहमतिमा नभई झुक्याई कागज गराएको भने पनि सो सम्बन्धमा कहीँकतै उजुर गरेको पाइँदैन । यस अवस्थामा प्रतिवादी र जाहेरवालाबिच वैदेशिक रोजगारमा पठाइदिने विषयमा भएको लिखत अन्यथा प्रमाणित नभई यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको पुष्टि हुन आएकोले वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नदेखिने।

अतः उपर्युक्त आधार र कारणहरूबाट प्रतिवादी रामबाबु दाहाललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा

सोही ऐनको दफा ४३ बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना र १।६।० (एक वर्ष छ महिना) कैद हुने र बिगोको हकमा प्रतिवादीबाट बिगो रू.६,००,०००।- (छ लाख) र सोको ५०% ले हुने हर्जानासमेत जाहेरवालाले भराइपाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।०८।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल जेठ २४ गते रोज ३ शुभम्।

**२७**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WO-०५६५, उत्प्रेषण / परमादेश, मनिराम तामाङसमेत वि. धुनिमायाँ तामाङसमेत*

मुद्दा नं. ०७४-PE-२६०९ भएको चेक अनादर मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।३।१२ मा फैसला भई अन्तिम भएको देखिई बिगो भराउने कार्य कारबाहीयुक्त अवस्थामा रहेको देखिन्छ । फैसला कार्यान्वयन अन्तिम अवस्थामा पुगिसकेकोसमेतको कारण देखाइ चेक अनादर मुद्दा स्थगित गर्दा फैसलाको औचित्यमा समेत असर पर्ने भन्दै फैसला कार्यान्वयन अधिकारीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२८ बमोजिम मिति २०७७।१०।२७ मा दरपीठको आदेश गरेको देखिने।

विवादको अन्तिमताको सिद्धान्तको परिप्रेक्ष्यमा हेर्दा पनि अदालतबाट भएको फैसलाले अन्तिमता नपाई अनन्त समय लियो भने पक्षको न्याय प्राप्तिको हकमा असर पार्दछ। कानूनको रोह रीतबाट हेर्दा भएको फैसला अन्तिम भइसकेको देखिन्छ भने त्यसको कार्यान्वयन नै न्यायको मक्सद भएकोले अन्यथा अवस्थामा बाहेक अदालतबाट भएको फैसला कार्यान्वयन हुनुपर्ने कुरामा द्विविधा हुनुपर्ने अवस्था देखिँदैन। यसरी साधिकार निकायबाट कानूनबमोजिम अन्तिम भएको फैसला कार्यान्वयनमा रहेको र चेक अनादर मुद्दामा भएको फैसलाउपर फैसला बदर मुद्दा परेको अवस्था पनि नरहेको स्थितिमा केवल निवेदकले निवेदन दिएकै भरमा मुद्दा अन्तिम भएर बसेको फैसला कार्यान्वयनको कार्यलाई रोक्न नमिल्ने गरी फैसला कार्यान्वयन अधिकारीबाट दरपीठ आदेश भएको र सो आदेशउपर इजलासमा निवेदन परी इजलासबाट सोही दरपीठ आदेशलाई सदर गरेकोमा उच्च अदालत पाटनबाट समेत उक्त दरपीठ आदेश सदर गरेको कार्यलाई अन्यथा भन्नुपर्ने नदेखिने।

फैसला भएर मात्र हुँदैन फैसला कार्यान्वयन भई फैसला अनुसार प्राप्त गर्ने कुरा पक्षले प्राप्त गर्न सकेमा नै फैसलाको औचित्य पुष्टि भई न्यायको अनुभूतिसमेत पक्षलाई हुन्छ । त्यसकारण काठमाडौं जिल्ला अदालतको फैसला कार्यान्वयन अधिकारीले मिति २०७७।१०।२७ गते गरेको दरपीठ आदेशलाई सदर गरी जिल्ला न्यायाधीशबाट आदेश भएकोमा उच्च अदालतसमेतबाट उक्त उल्लिखित दरपीठ आदेश सदर गरेको अवस्था भएकोले निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : शंकर गुरूङ

इति संवत् २०७९ साल जेठ ३० गते रोज २ शुभम्।

## इजलास नं. ८

**२८**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७३-CR०-५२२, ०७३-CR-०५६१, कर्तव्य ज्यान, नेपाल सरकार वि. रूपबहादुर पुर्जासमेत, रूपबहादुर पुर्जा पुनसमेत वि. नेपाल सरकार*

मिसिल संलग्न घटनास्थल लास जाँच मुचुल्काबाट मृतक सोमबहादुर गर्बुजाको अनुहारमा रगतले पोतिएको, दाहिने आँखामाथि काटिएको र सोभन्दा माथि तिखो हतियारले खोपेकोजस्तो, टाउकोभरि चोटै चोट लागेको भन्ने उल्लेख भएको, मिसिल संलग्न फोटो चित्रबाट समेत शरीरका विभिन्न भागमा रगत लागेको तथा टाउकोमा ३ वटा चोट लागेको देखिएको, मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा शरीरको बाहिरी विभिन्न भागमा विभिन्न साइजका घा चोट रहेको, मृतकको टाउकोमा देब्रे आँखीभौँमाथिको भागमा ५ से.मि.×१० से.मि. , दाहिने आँखीभौँमाथिको भागमा ३ से.मि.×२ से.मि. र देब्रे कञ्चटमा १० से.मि.×५ से.मि. को गहिरो घाउ रहेको तथा दाहिने आँखीभौँमाथिको भागमा फ्याक्चरसमेत रहेको भनी उल्लेख भई मृत्युको कारणमा Intracranial Hemorrhage भन्ने देखिएको, मृतकलाई मार्न घनसमेत लिई गई सो घनले प्रहार गरेको भन्ने तथ्य पुष्टि भएको देखिएको, मृतक र प्रतिवादी रूपबहादुर पुर्जाबिच स्थानीय क्लबको रकमको विषयलाई लिएर झगडा हुने गरेको देखिएकोबाट पूर्वरिसइवी रहेको देखिन आएको हुँदा पुनरावेदक प्रतिवादीहरूले पूर्वतयारीसहित घटना घटाउने कार्य गरेको देखिँदा घटी सजाय हुनुपर्ने भन्ने निजहरूको पुनरावेदन जिकिर मनासिब देखिन नआएकोले पुनरावेदक प्रतिवादीहरू रूपबहादुर पुर्जा पुन र चन्द्रबहादुर रन्तिजालाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. बमोजिमको कसुर अपराधमा सोही १३(१) नं. बमोजिम जन्मकैदको सजाय गरेको तथा निज प्रतिवादीहरूलाई सर्वस्वसहित जन्मकैद हुने ठहरेकाले ज्यानसम्बन्धीको ४ नं. बमोजिम थप सजाय गर्नु नपर्ने भन्नेसमेत बेहोराको सुरू म्याग्दी जिल्ला अदालतको मिति २०७१।१२।१६ को फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बागलुङले मिति २०७३।२।१८ मा गरेको फैसला अन्यथा देखिन आएन। पुनरावेदक प्रतिवादीहरू रूपबहादुर पुर्जा पुन र चन्द्रबहादुर रन्तिजाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू रूपबहादुर पुर्जा पुन र चन्द्रबहादुर रन्तिजाले मृतक सोमबहादुर गर्बुजालाई मारेको ठहऱ्याई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" र केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौज्दारी कसुरको मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्ने छ तर कुनै फौज्दारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहे भएको स्थिति हुँदा प्रतिवादीहरू रूपबहादुर पुर्जा पुन र चन्द्रबहादुर रन्तिजालाई सर्वस्वको सजाय नहुने देखिएकोले निजहरूलाई जन्मकैद मात्र हुने।

इजलास अधिकृत : ललित सापकोटा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल भाद्र २० गते रोज २ शुभम् ।

२९

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री नहकुल सुवेदी**, *०७४-CI-०२५६, मोही नामसारी, तेतेरी कनुइन वि. वैद्यनाथ लाल*

मिति २०३४।१२।२३ मा मोही लगत कट्टा भइसकेको भन्ने जिकिर लिने यी प्रतिवादीमा नै उक्त तथ्यको विश्वसनीय रूपमा पुष्टि हुने आफ्नो जिकिर स्थापित गराउनुपर्ने प्रमाणको भार रहेको देखियो। निजले मालपोत कार्यालय, बाराको स्रेस्ताको कैफियत महलमा मिति २०३४/१२/२३ को छोडपत्रले मोही लगत कट्टा भएको भन्ने जिकिर लिएको देखिए तापनि मोहीको लगत राख्ने आधिकारिक निकाय भूमिसुधार कार्यालय, बारामा उक्त मितिमा त्यस्तो कुनै निर्णय भएको भन्ने देखिन आउँदैन । न त सो कार्यालयको यो मितिको निर्णय यो यति चलानी नम्बर पत्र सङ्ख्याको पत्रबाट मालपोत कार्यालय, बाराले स्रेस्तामा मोहीको लगत कट्टा गरेको भन्ने अभिलेख अद्यावधिक गरेको भन्ने नै देखिन्छ। अपितु मोही नामसारी गरिपाउँ भन्ने वादीको निवेदनउपर कारबाहीका क्रममा मिति २०६७/०४/०५ मा स्रेस्ता भिडाउँदा वादीका पति नै कि.नं.२०९ को मोही रहेको भनी स्रेस्ता भिडेको देखिन्छ । मोहीको लगत कट्टा गर्ने आधिकारिक निकाय भूमिसुधार कार्यालयको निर्णयको अभावमा केवल मालपोत कार्यालयले मोठ स्रेस्तामा मोहीको लगत कट्टा भएको भनी कैफियत जनाएकै आधारमा प्रतिवादीको जिकिर स्थापित भएको भनी मान्न सकिने देखिएन। मिसिल प्रमाणबाट दाबीको कित्ता जग्गाको मोही लगत कट्टासम्बन्धी कुनै आधिकारिक निर्णयको अस्तित्व नै देखिन नआएको स्थितिमा भूमिसुधार कार्यालयको मिसिल द्वन्द्वकालमा हराएको भन्ने प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरूको जिकिर विश्वसनीय र तर्कसम्मत देखिन आउँदैन । मिसिल हराएको स्थितिमा समेत सोको लाभ प्रतिवादीले पाउनुपर्ने भन्ने जिकिरसँग सहमत हुन नसकिने।

यस सन्दर्भमा, साबिक कि.नं.१७८ बाट कायम कि.नं.२०८ को मोही नामसारी मुद्दामा समेत यी वादीले पति भोथी साह कानुको नाउँको मोही नामसारी गर्न माग गरेको र सो जग्गाको जग्गाधनी लक्ष्मी राउत अहिरले यसै मुद्दाको बेहोराअनुरूप मोही लगत कट्टा भएको भनी मालपोत कार्यालयको स्रेस्तामा कैफियत जनाएको भन्ने जिकिर लिएकोमा तहतह मुद्दा चली यस अदालतबाट "मोही लागेको जग्गाको लगत र विवरण अद्यावधिक राख्ने आधिकारिक निकाय भूमिसुधार कार्यालय हो । भूमिसुधार कार्यालयको रेकर्डमा नै मोही लगत कट्टा भएको भन्ने कुरा नदेखिएको अवस्थामा त्यस्तो मोहीको लगत कट्टा भइसकेको भनी अदालतले अनुमान गर्न नमिल्ने" (पुनरावेदक/ प्रतिवादी लक्ष्मी राउत अहिर वि. तेतरी कनुइन ने.का.प.२०७२, अङ्क ९, नि.नं.९४६०) भनी व्याख्या भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ। दुवै कित्ताको साबिक स्रोत एउटै कि.नं. को जग्गा भएको र यसै मुद्दाको जस्तै समान अवस्था जनाई मोही लगत कट्टा भएकोमा उक्त निर्णयले वैधानिकता प्राप्त नगरेको आधार प्रमाणबाट प्रस्तुत मुद्दामा समेत मोही लगत कट्टा गरेको निर्णयलाई मान्यता दिन मिल्ने देखिँदैन। मोही लागेको जग्गाको लगत राख्ने र विवरण अद्यावधिक गर्ने आधिकारिक निकाय भूमिसुधार कार्यालय भएको र सो कार्यालयको रेकर्डमा नै मोही लगत कट्टा भएको भन्ने कुरा नदेखिएको अवस्थामा सोबाहेक अन्य निकायबाट भएका निर्णयलाई वैधानिक मान्यता प्रदान गर्न सकिँदैन । वस्तुत: कसैको मोही हक कानूनबमोजिम मात्र समाप्त हुने हुँदा अनधिकृत निकायबाट भए गरेको मोही हक समाप्त हुने निर्णय कानूनसम्मत नहुने भएकोले प्रस्तुत विवादको जग्गामा दर्तावाल मोही भोथी साहका उत्तराधिकारीहरूको मोहियानी हक समाप्त हुने देखिएन। कुनै पनि व्यक्तिका नाममा कायम भएको मोहीको हक समाप्त हुनका लागि भूमिसम्बन्धी ऐन, २०२१ र भूमिसम्बन्धी नियमहरू, २०२१ ले निर्धारित गरेको पूर्वावस्थाहरू विद्यमान हुनुपर्छ । उल्लिखित पूर्वावस्थाको अभावमा अन्य आधार, प्रमाण वा तर्कको कुनै महत्त्व

रहँदैन । कानूनबमोजिमको प्रक्रियाबाट मोहीको लगत कट्टा भएको विश्वसनीय प्रमाणको अभावमा दर्तावाल मोहीको हक निजका उत्तराधिकारीमा नसर्ने भन्न मिल्ने देखिएन । दर्तावाल मोही पति भोथी साह कानुको मोही हक कानूनबमोजिम यी निवेदक तेतरीदेवी कनुइनको नाममा नामसारी हुनुपर्ने देखिने ।

तसर्थ, साबिक कि.नं.१७८ को जग्गाबाट कित्ताकाट भई कायम भएको प्रतिवादी वैद्यनाथ लालसमेतको नाममा दर्ता रहेको कि.नं.२०९ ज.वि.१-४-० को जग्गामा वादीका पति भोथी साह कानुको नाउँको मोही हक निजकी पत्नी वादी तेतरी कनुइनको नाममा नामसारी हुनुपर्ने देखिन आएकाले वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भूमिसुधार कार्यालय, बाराको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।८।२० को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीबमोजिम मोही नामसारी हुने ।

इजलास अधिकृत : भीमप्रसाद सुवेदी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल असोज ४ गते रोज ३ शुभम् ।

- यसै लगाउका ०७६-CI-०८९५, निषेधाज्ञा परमादेश, तेतरी कनुइनसमेत वि. महेश्वरलाल कर्णसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं.१०

### ३०

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-०६०५, मोही प्रमाणपत्र, मनोजकुमार शर्मा वि. सियाराम कापर केवट*

शिवभक्तिखोर गा.वि.स.वडा नं. ४, कि.नं. ९८ को ०-८-५ जग्गा गुठी संस्थानअन्तर्गत रामगोपालपुर मठको नाममा जग्गाधनी दर्ता स्रेस्ता रहेकोमा विवाद छैन । पुनरावेदक प्रतिवादीले विवादित जग्गा गुठी तैनाथी जग्गा भएको र गुठीसम्बन्धी ऐन नियमले यस्ता जग्गामा गुठी संस्थानको सम्पूर्ण अधिकार निहित रहने भई मोही नलाग्ने भन्ने जिकिर लिएको देखिन्छ । सो सम्बन्धमा हेर्दा नापीका बखत तयार फिल्डबुकमा मोही महलमा यी वादीको नाम उल्लेख भएको देखिएको छ । राम गोपालपुर मठ नामको जग्गाधनी दर्ता स्रेस्तामा पनि मोही महलमा यी वादीको नाम उल्लेख भएको देखिएको छ । उक्त जग्गाको १ नं. लगत भरी २ नं अनुसूची पनि प्रकाशित भएको देखिएको छ । नमुना गाउँ विकास समितिको कार्यालय, गौशाला, महोत्तरीको च. नं. ४११ मिति २०६९।६।१७ को पत्रबाट पनि यी वादीलाई मोही भनी सिफारिस गरिएको देखिएको छ । यी प्रमाणहरूको रोहमा विचार गर्दा विवादित जग्गाको मोही यी वादी रहेनछन् भन्न सकिने अवस्था नदेखिने ।

गुठी तैनाथी जग्गा भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा सम्झनुपर्ने गरी गुठी संस्थान ऐनमा परिभाषा भएको पाइन्छ । सोही ऐनको दफा २५ बमोजिम गुठी तैनाथी जग्गामा संस्थानले आफैँ खेती गर्ने व्यवस्था रहेको देखिन्छ । ऐलानी बाँझो जग्गा भए गुठी संस्थान आफैँले आवाद गर्ने वा खास किसानलाई आवाद गर्न दिने किसिमले बन्दोबस्त गरिने बेहोरा उल्लेख भएको देखिन्छ तर विवादित जग्गाको सम्बन्धमा यस किसिमबाट बन्दोबस्त भएको भन्ने देखिँदैन । त्यसैले पुनरावेदन जिकिरमा गुठी तैनाथी भनी जिकिर लिएदेखि बाहेक गुठी तैनाथी हो भन्न सकिने कुनै प्रमाण मिसिलसाथ पेस हुन सकेको देखिँदैन । बरू गुठी संस्थान शाखा कार्यालय, महोत्तरी जलेश्वरबाट उक्त विवादित जग्गाको हक दाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा उक्त जग्गालाई "गुठी रैतानी" जग्गा भनी मिति २०६८।८।६ गते रोज ३ (मंगलवार) को दिन "जनकपुर टुडे" नामक पत्रिकामा

सूचना प्रकाशित गरेको देखिएको छ । उक्त सूचनामा विवादित जग्गा गुठी तैनाथी जग्गा हो भनी प्रकाशन भएको देखिँदैन । गुठी संस्थान ऐन, २०३३ मा "गुठी रैतान नम्बरी जग्गा" लाई "दर्तावालाले संस्थानलाई मालपोत बुझाउनुपर्ने जग्गा" भनी परिभाषित गरेको देखिन्छ । गुठी संस्थान केन्द्रीय कार्यालयको च.नं. ७७३० मिति २०४८।३।११ मा मालपोत कार्यालय महोत्तरीलाई पत्राचार गर्दा मिति २०४८।०३।०७ को निर्णयानुसार कि.नं.९८ गुठी अधीनस्थ भएको उल्लेख गरी गुठी तैनाथी तथा गुठी अधीनस्थ जग्गाको पुर्जा उपलब्ध गराइदिन अनुरोध गरेको देखिन्छ । साथै मिति २०६९।८।१५ मा रू ५१,३००।– कुत बुझाएको नगदी रसिदसमेत संलग्न रहेको देखिएबाट गुठी संस्थान आफैँले खेती वा आवाद गरेको भन्ने जिकिर पनि खण्डित भएको देखिन्छ । साथै विवादित जग्गा मालपोत कार्यालय, महोत्तरीको मिति २०४८।३।४ को निर्णयले रामगोपालपुर मठका नाउँमा दर्ता भई सो मोठ स्रेस्तामा समेत यी वादीको नाम अङ्कित भएको देखिएकोमा सो निर्णय बदर भएको अवस्था पनि देखिँदैन ।

पुनरावेदकले अर्को जिकिरका रूपमा जग्गा वडा नं ४ को रहेकोमा १ नं. लगत र २ नं. अनुसूची अर्कै वडा नं ७ बाट भरिएको/प्रकाशित गरिएको भन्ने आधारमा यी वादी विवादित जग्गाको मोही नरहेको भन्ने पनि उल्लेख गरेको देखिन्छ । तर प्रतिवादीले पुनरावेदन गर्दा १ नं. लगत नै नभरेको वा २ नं. अनुसूची प्रकाशित नभएको भन्न सकेको देखिँदैन । १. नं लगत र २ नं. अनुसूची प्रकाशित हुँदा भिन्दै वडाबाट भरिएको/प्रकाशित गरिएको स्थिति रहे पनि सोबमोजिमको लगत र अनुसूचीमा उल्लिखित यो जग्गा नभई अर्कै यो जग्गा हो भनी भन्न सकेको अवस्था पनि देखिँदैन । मोहियानी हकका सम्बन्धमा १ नं. लगत र २ नं. अनुसूची महत्त्वपूर्ण प्रमाण मानिने भए पनि यस्तो लगत र अनुसूची जग्गा रहेको वडाबाट भरिएको हो वा अर्कै वडाबाट भरिएको हो भन्ने भन्दा पनि खास यो जग्गाको हो वा होइन भन्ने कुरा महत्त्वपूर्ण रहने ।

भूमिसुधार कार्यालय महोत्तरीको मिति २०७०।९।१६ को सुरू निर्णयलाई सदर ठहराउने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : हरिप्रसाद आचार्य
कम्प्युटर : विजय खड्का
इति संवत् २०७९ साल वैशाख २८ गते रोज ४ शुभम् ।

३१

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-०६२५, मोही प्रमाणपत्र, सहमुद्धिन मिया वि. जीवछ पासवान*

प्रत्यर्थी वादी जिवछ पासवानले तिलकचन्द मारवाडीसमेत जग्गाधनी भएको साबिक मोरङ ९ हाल वडा नं.७ कि.नं.५६ बाट मोहीको १ नं. लगत भरी सोको आधारमा २ नं. प्रकाशित भएको सुरू मिसिल संलग्न मोहीको १ नं.लगत र २ नं. अनुसूचीको छायाँप्रतिबाट देखिन्छ । प्रत्यर्थी वादीले भरेको १ नं. लगतको बाली विरह महलमा घरबास भन्ने उल्लेख हुँदा भूमिसम्बन्धी ऐन लागु हुनुपूर्व नै प्रत्यर्थी वादीले घरसमेत बनाई भोग गरी आएको भन्ने नै देखिन्छ । यसका अतिरिक्त विराटनगर उपमहानगरपालिका वडा नं. ७ को च.नं.४८ मिति २०५५।५।२को पत्रनुसार उल्लिखित जग्गामा प्रत्यर्थी वादीले घर बनाई बसोबास गरी आएको भन्ने आएको भन्ने सर्जमिनसमेतको आधारमा प्रमाणित गरेको देखिने ।

पुनरावेदक सहमुद्धिन मियाले दाता चक्रप्रसाद तिवारीबाट र निज चक्रप्रसाद तिवारीले तिलक चं. धाडेवासमेतबाट विवादको जग्गा खरिद गरी लिएको र प्रत्यर्थी वादीले तत्कालीन समयमा भरेको मोहीको १ नं.लगत र सोको आधारमा प्रकाशित २ नं.

अनुसुचीबाट सो जग्गा तिलक चं.धाडेवा हुँदै हालको जग्गाधनी सहमुद्धिन मियाको नाउँमा हक हस्तान्तरण हुँदै आएको भन्ने कुरामा अब विवाद हुन सक्ने अवस्था रहेन। यसरी प्रत्यर्थी वादी जिवछ पासवान नै उल्लिखित कि.नं.५६ को जग्गाको मोही भएको कुरा पेस भएका प्रमाणहरूबाट पुष्टि भइरहेको देखिँदा प्रत्यर्थी वादी उक्त जग्गाको मोही नै होइनन् भनी पुनरावेदकले लिएको पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधारहरूसँग यो इजलास सहमत हुन नसक्ने।

तसर्थः वादी दाबीको जिल्ला मोरङ साबिक विराटनगर ९ हाल वडा नं.७ मा पर्ने प्रतिवादी पुनरावेदकको नाउँ दर्ताको कि.नं.५६ को ज.वि.०-१-१ जग्गाको मोहियानी हकको प्रमाणपत्र भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) बमोजिम प्रत्यर्थी वादीले पाउने ठहर गरेको भूमि सुधार कार्यालय मोरङको मिति २०७१।७।२६को फैसला र सो फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।३।१२ को फैसला अन्यथा नदेखिँदा परिवर्तन गर्नु परेन। पुनरावेदन अदालत विराटनगरको उक्त मिति २०७३।३।१२ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : विजय खड्का

इति संवत् २०७९ साल वैशाख २८ गते रोज ४ शुभम्।

## ३२

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०१८३, बन्दीप्रत्यक्षीकरणलगायत अन्य उपर्युक्त आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ, महमुद आलम गद्दी वि. जिल्ला कारागार कार्यालय, नवलपरासी रामग्रामसमेत*

निवेदक महमुद आलम गद्दीलाई आन्तरिक राजस्व कार्यालय भैरहवाले चलाएको नक्कली अन्तः शुल्क स्टिकर मुद्दामा कैद वर्ष १ (एक), बिगो रू. १,०४,६३,८१२/८० र बिगोबमोजिम जरिवानाको सजाय हुने गरी भएको फैसलाउपर राजस्व न्यायाधिकरण पोखरामा परेको पुनरावेदनमा सुरू निर्णय केही उल्टी भई निजलाई १ (वर्ष) कैद, बिगो रू.२३,२५,२९१/७३४ र बिगोबमोजिम जरिवाना हुने गरी मिति २०७७/०५/०५ मा फैसला भएपश्चात् सोको कार्यान्वयन हेतु निजलाई लागेको कैद, बिगो र जरिवाना असुलउपर गर्नको लागि राजस्व न्यायाधिकरण पोखराले च. नं. ६७ मिति २०७८/०६/१७ मा आन्तरिक राजस्व कार्यालय भैरहवालाई सम्बोधन गरी पठाएको पत्रबमोजिमको कार्य सम्पादन भएको मिसिल संलग्न कागज प्रमाणबाट देखिन आएन। नक्कली अन्तःशुल्क स्टिकरसँग सम्बन्धित एउटै प्रकृतिको वारदात भए पनि निज निवेदकलाई अदालत र आन्तरिक राजस्व कार्यालय दुई छुट्टाछुट्टै निकायमा अलग अलग मुद्दा चलाई दुबै निकायबाट तह तह हुँदै फैसला भएको मुद्दाहरूको सन्दर्भमा रूपन्देही जिल्ला अदालतले फैसला कार्यान्वयनको लागि कैदी पुर्जी जारी गर्नेलगायतको कार्य गरेको देखिन आयो भने आन्तरिक राजस्व कार्यालय भैरहवाले भने सो कार्य सम्पादन गरेको देखिन आएन। फैसलापश्चात् सोको तदारूकताकासाथ कार्यान्वयन गरिनु नितान्त अपरिहार्य हुन्छ। कुनै पनि कसुर अपराध वा विवादमा अधिकार सम्पन्न न्यायिक वा अर्धन्यायिक निकायबाट प्रचलित कानून र प्रमाणको आधारमा फैसला गर्नु जति महत्त्वपूर्ण कार्य हो सोको कानूनबमोजिम यथासमयमा कार्यान्वयन गरिनु पनि उत्तिकै महत्त्वपूर्ण कर्तव्य हो। समयमै फैसलाको कार्यान्वयन नहुने हो भने न्याय सम्पादन गर्नु र नगर्नु बिचमा अन्तर भेटन नै मुस्किलपर्ने हुन जान्छ। यस्तो महत्त्वपूर्ण जिम्मेवारी र कानूनी कर्तव्य यी निवेदकको हकमा पूरा भएको नदेखिँदा निजसमेत प्रतिवादी भई चलेको उल्लिखित मुद्दामा राजस्व न्यायाधिकरण पोखराबाट मिति २०७७/०५/०५ मा भएको फैसलाबमोजिम निवेदक

महमुद आलम गद्दीलाई लागेको सजायबापतको कैदी पुर्जी तत्काल जारी गर्नु भनी सो फैसलाको कार्यान्वयन गर्ने सुरू निकाय प्रत्यर्थीमध्येका आन्तरिक राजस्व कार्यालय भैरहवाका नाममा परमादेशको आदेश जारी हुने।

प्रस्तुत रिट निवेदनको सन्दर्भमा निवेदकलाई गैरकानूनी रूपले थुनामा राखेको नभई रूपन्देही जिल्ला अदालतमा चलेको सरकारी छाप दस्तखत किर्ते (अन्तःशुल्क स्टिकर) र आन्तरिक राजस्व कार्यालय भैरहवामा चलेको नक्कली अन्तःशुल्क स्टिकरसम्बन्धी दुई छुट्टाछुट्टै मुद्दामा तहतह फैसला हुँदै जाँदा भएको अन्तिम फैसलाबमोजिम सोको कार्यान्वयनको सिलसिलामा थुनामा राखेको देखिएको हुँदा, निवेदक महमुद आलम गद्दीको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेतर्फ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : बद्रिप्रसाद लामिछाने

इति संवत् २०८० साल श्रावण २४ गते रोज ४ शुभम्।

## ३३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-WH-०२०१, बन्दीप्रत्यक्षीकरण, संजय भन्ने सन्जे दमाई परियार वि. काठमाडौं जिल्ला अदालत, लगत शाखासमेत*

काठमाडौं जिल्ला अदालतमा चलेको टिकाराम कुँवरको जाहेरले वादी नेपाल सरकार र प्रतिवादी संजय दमाई परियारसमेत भएको मिति २०६५।०४।२३ को वारदातको कर्तव्य ज्यान मुद्दा (स.फौ.नं.१५५२)मा मिति २०६७।०३।२८ मा फैसला हुँदा निज निवेदकलाई १५ वर्ष कैद हुने ठहर भई उच्च अदालत, पाटनबाट मिति २०६९।०२।०९ र सर्वोच्च अदालतबाट समेत मिति २०७२।०७।१९ मा सदर भई अन्तिम भइसकेको अवस्था देखिने।

धादिङ जिल्ला अदालतमा चलेको धनमाया लामासमेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी संजय दमाई परियारसमेत भएको मिति २०६५।०५।०३ को वारदातको कर्तव्य ज्यान र चोरी मुद्दा (फौ.मि.नं.६९/१)मा मिति २०६९।१२।२१ मा फैसला हुँदा निज निवेदकलाई कर्तव्य ज्यानतर्फ जन्मकैद र चोरीतर्फ चोरीको महलको १४(२)नं बमोजिम १ वर्ष १५ दिन थप कैद र रू.१५,४३,४६७।- जरिवाना ठहर भएकोमा सो जरिवानाबापत ४ वर्ष कैदसमेत गरी जम्मा ४ वर्ष १ महिना १५ दिन कैद हुनेमा ठुलो कैद हद जन्मकैद हुने ठहर भई उच्च अदालत, पाटनबाट मिति २०७१।०७।१८ मा सदर भई यस अदालतबाट समेत आज यसै इजलासबाट निजको हकमा दर्ता भएको साधक (०७६-RC-००७८) सदर हुने ठहर भएको अवस्था रहेको।

सरसर्ती हेर्दा, उल्लिखित दफा ३६(१) र ३६(२) को व्यवस्था एकआपसमा मेल नखाने खालको देखिन्छ । दफा ३६(१)ले विभिन्न मुद्दामा भएको कैद सजाय साथसाथै भुक्तानी हुने व्यवस्था छ भने दफा ३६(२)मा एक मुद्दामा भएको कैदको सजाय समाप्त भएपछि अर्को मुद्दामा भएको कैद कार्यान्वयन हुने व्यवस्था छ । यस्तो अवस्थामा कुन उपदफा अनुसार सजाय कार्यान्वयन गर्ने भन्ने अन्यौल हुनु पनि स्वाभाविक हुन्छ । तर, उपदफा (२) को सुरूवातमै "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने वाक्यांश भएबाट सो उपदफामा उल्लेख भएको अवस्थामा उपदफा (१) आकर्षित नहुने गरी नियन्त्रण गरेको सम्झनुपर्ने।

यस्तो अवस्थामा साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांश, सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्त तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(२) समेतका आधारमा निवेदकलाई काठमाडौं जिल्ला अदालतबाट भएको पहिलो फैसलामा ठहर भएको

कैदमा निवेदकलाई पुनः धादिङ जिल्ला अदालतबाट अर्को वारदातमा ठहर भएको कैद सजायमा थप गरी कार्यान्वयन गर्नुपर्ने नै देखिन आयो। यी निवेदकलाई काठमाडौं जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा ठहर भएको १५ वर्ष कैद सजायको भुक्तान पछि मात्र गणना हुने गरी धादिङ जिल्ला अदालतबाट कर्तव्य ज्यान र चोरी मुद्दामा ठहर भएको जन्मकैदबमोजिम निज निवेदकलाई मिति २१००।०६।११ मा कैद मुक्त गर्ने भनी धादिङ जिल्ला अदालतले निज निवेदकलाई दिएको कैदी पुर्जी कानूनबमोजिमकै भएको देखिँदा रिट निवेदकको थुनालाई गैरकानूनी मान्न नमिल्ने।

रिट निवेदकलाई धादिङ जिल्ला अदालतबाट च.नं.३४५ (लगत नं. १०३०) मिति २०७५।१०।२८ को कैदी पुर्जी कानूनसङ्गत रहेकोले निवेदकलाई सो कैदी पुर्जीबमोजिम राखिएको कैद गैरकानूनी नभएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनामुक्त गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मनिता गुरूङ / रबिना फुयाल

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल जेठ २३ गते रोज २ शुभम्।

## इजलास नं.११

३४

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०८०-WH-००९१, बन्दीप्रत्यक्षीकरण, सागर गुप्ता वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

निवेदक/प्रतिवादी सागर गुप्ताउपर उच्च अदालत पाटनमा चलेको बैंकिङ कसुर मुद्दामा मिति २०७८।०६।०८ मा भएको फैसलाबमोजिम भरिपाउने ठहरेको बिगो रकम प्रतिवादीबाट भराइपाउँ भनी परेको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट २०८०।०४।२६ मा भएको आदेश अनुसार निवेदकलाई ठहरेको बिगो रू.२०,००,०००।- (बिस लाख रूपैयाँ) बापत मिति २०८०/०४/३० गतेदेखि २०८२/०४/३० गतेसम्म २।०।० (दुई वर्ष) कैदमा राखी मिति २०८०।०४।३१ गते थुनाबाट मुक्त गरिदिनु भनी काठमाडौं जिल्ला अदालतको च.नं.४९६ मिति २०८०/०४/३१ को कैदी पुर्जीबाट निवेदकलाई कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंमा थुनामा राखेकोमा निवेदक हालसम्म पनि सोही कारागारमा थुनामा रहेको देखिने ।

निवेदक/प्रतिवादीउपर चलेको बैंकिङ कसुर मुद्दा (०७७-CB-१८६०) को फैसला मिति २०७८।०६।०८ मा भई सोको प्रमाणीकरणसमेत मिति २०७८।०८।१० मा भएको देखिँदा सो मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वत: थाहा पाएको मानिने दफा १३४ को उपदफा (४) बमोजिमको अवधिसमेत व्यतीत भएको देखियो । निवेदक उक्त फैसला कार्यान्वयनको सिलसिलामा मिति २०७९।०४।१२ मा पक्राउ परी निजबाट असुल हुन बाँकी जरिवाना रकमबापत काठमाडौं जिल्ला अदालतको च.नं.१६८ मिति २०७९।०४।१५ को कैदी पुर्जी ठेकी मिति २०७९।०४।१२ देखि नै थुनामा रहेकोमा निज निवेदकले जरिवानाबापत बुझाउन बाँकी रहेको रकम मिति २०७९।०९।१२ मा काठमाडौं जिल्ला अदालतमा बुझाएर थुनामुक्त भएको देखिन्छ । निवेदक/प्रतिवादी फैसला कार्यान्वयनको सिलसिलामा कानूनले तोकेको पुनरावेदन गर्न पाउने म्यादभित्रै अर्थात् फैसला प्रमाणीकरण भएको मितिले १ वर्षको अवधिभित्रै पक्राउ परी थुनामा राखिएको देखिन्छ। सो समयमा निवेदकले पुनरावेदन दिनसक्नेमा सो गरेको भन्ने निवेदनबाट देखिँदैन । आफूउपर चलेको बैंकिङ कसुर मुद्दामा भएको फैसलाले ठहर गरेको जरिवानाबापत केही समय थुनामा बसेको तर सो समयमा फैसलाको जानकारी नपाई पुनरावेदन

गर्न नपाएको भन्ने कुरा निवेदकले कहीँकतै उठाउन सकेको नदेखिने।

अत: निवेदकको थुना गैरकानूनी नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल असोज २४ गते रोज ४ शुभम्।

**३५**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** *०८०-WH-०१००, बन्दीप्रत्यक्षीकरण, प्रकाश साह वि. सेतु बन्धु भन्सार कार्यालय, कोशी ब्यारेज सुनसरीसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेशबाट थुनामा रहेको व्यक्तिलाई रिहा गर्नका लागि थुनामा रहेको अवस्था बदनियतपूर्वक वा स्वइच्छाचारी वा प्राकृतिक न्यायको सिद्धान्तविपरीत वा कानूनले तोकेको प्रक्रियाविपरीत रही गैरकानूनी मानिनुपर्ने देखिनुपर्ने हुन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकको थुनामा यीमध्ये कुनै अवस्थाको विद्यमानता रहेको देखिँदैन। रिट निवेदकको निवेदनमा निजले गाडी मालिकका एकाघरका सवारी धनीहरूमध्ये पत्नी र काकीलाई गाडीमा लिएर नेपालको धरानस्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचारका लागि लैजान लाग्दा ५-Aug-२०२३ अर्थात् २०८०/०४/२० गते बेलुका अन्दाजी ३/४ बजे BR.११.BA/८४७१ नम्बरको भारतीय स्कार्पियो गाडीसहित पक्राउ गरी विभिन्न प्रमाणसमेत हुँदाहुँदै सवारी साधन चोरी पैठारी मुद्दामा नियन्त्रणमा लिई थुनामा राखिएकोले अन्यायमा परेको भने पनि सोउपर सोधपुछ गर्दा स्कार्पियो गाडीको भन्सार तिरेको रसिद र खरिद बिक्रीको बिल बीजकसमेत नभएको अवस्थामा भन्सार छलीको गाडी चलाई नेपालभित्र ल्याएको कसुरमा जाहेरी परेपछि अनुसन्धान, तहकिकात, दायर र थुनछेकको सिलसिलामा धरौटी माग गरेको देखिने।

तसर्थ, भन्सार छली सवारी साधन चोरी पैठारी कसुर मुद्दामा कानूनबमोजिमको प्रक्रिया (Due process of law) पूरा गरी कानूनबमोजिम मागिएको धरौटी दाखिल गर्न नसकेका कारण निवेदकलाई थुनामा राखिएको देखिँदा निवेदकले निवेदनमा दाबी लिएजस्तो निजलाई गैरकानूनी रूपमा थुनामा राखिएको वा बदनियतपूर्वक थुनामा राखिएको भन्न मिल्ने अवस्था नदेखिँदा निवेदक मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मोहनप्रसाद बेल्बासे

कम्प्युटर : पुजा कँडेल

इति संवत् २०८० साल मंसिर ०६ गते रोज ४ शुभम्।

**३६**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** *०८०-WH-०१५९, बन्दीप्रत्यक्षीकरण, ललित बानिया वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत*

यसमा निवेदकलाई मिति २०८०।७।२० मा पक्राउ गरी मिति २०८०।७।२१ मा चितवन जिल्ला अदालतमा उपस्थित गराई मिति २०८०।७।२० देखि लागु हुने गरी ७ (सात) दिनको म्याद थप गरी अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमति दिएको भन्ने देखिन्छ। तत्पश्चात्को म्याद थपसम्बन्धी काम कारबाहीको प्रमाण मिसिल संलग्न रहेको देखिँदैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३ र १४ को कानूनी व्यवस्थाबमोजिम दोस्रो पटक अनुसन्धानका लागि म्याद थप गरी थुनामा राखेको नदेखिनुका साथै सो सम्बन्धमा इजलासमा उपस्थित हुनुभएका विद्वान् सरकारी वकिलसँग छलफल गर्दासमेत म्याद थप गरेको कारबाहीबारे प्रमाण प्रस्तुत गर्नसकेको पाइएन। मिति २०८०।७।२० बाट पहिलो पटक ७ दिनको म्याद थपको अवधि

मिति २०८०।७।२७ मा समाप्त भएपछिको म्याद थप कहिलेसम्मका लागि भयो वा अभियोग दर्ता गरी साधिकार अदालतबाट थुनछेक सम्बन्धमा के कस्तो निर्णय भयो भन्ने सम्बन्धमा समेत कुनै बेहोराको प्रमाण मिसिल संलग्न नरहेको र सो सम्बन्धमा विद्वान् उपन्यायाधिवक्तासँग सोधनी हुँदासमेत विधिवत् अभियोग दर्ता भई थुनछेकमा आदेश भएको वा अनुसन्धानकै क्रममा दोस्रो पटक म्याद थप भए नभएको यकिनसाथ भन्न नसक्ने जानकारी गराएको अवस्थामा म्याद थपको अवधि समाप्त भएपछि निवेदकलाई थुनामा निरन्तर राखिएको भएमा त्यस्तो थुनालाई गैरकानूनी थुना मान्नुपर्ने देखियो । कानूनविपरीत थुनामा राखिएका व्यक्तिको नेपालको संविधान प्रदत्त मौलिक हकहरू हनन हुने हुँदा सोको उपचारको लागि यस अदालतले नेपालको संविधानको धारा १३३ (२) र (३) बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न सक्ने हुँदा निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएकोले नेपालमा संविधानको धारा १३३ (२) र (३) एवम् सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : मोहनप्रसाद बेल्बासे

कम्प्युटर : पुजा कँडेल

इति संवत् २०८० साल मंसिर ०६ गते रोज ४ शुभम् ।

## ३७

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल,** *०८०-WH-०१४७, बन्दीप्रत्यक्षीकरण, सुरेश बल वि. जलेश्वर भन्सार कार्यालय, मालिवाडा, महोत्तरीसमेत*

रिट निवेदक/प्रतिवादी सुरेश बलका उपर प्र.ना.उ. दिलिपकुमार गिरी, जिल्ला प्रहरी कार्यालय, महोत्तरीको जाहेरीले नेपाल सरकार प्रतिवादी जिल्ला मकवानपुर, मनहरी वडा नं.३ बस्ने ज्ञानबहादुर बलको छोरा सुरेश बल भएको सुट कपडासमेतका मालवस्तु चोरी पैठारी अभियोग मुद्दामा जलेश्वर भन्सार कार्यालय, मालिवाडा, महोत्तरीले रिट निवेदक/प्रतिवादी सुरेश बलसँग सोही ऐनको दफा ४१(१) बमोजिम मिति २०८०।०६।२३ को आदेशानुसार भन्सार ऐन, २०६४ को दफा ५७(१क) अनुसार खानतलासी गरी बरामद भएको सुट कपडासमेतका मालवस्तुको बिगोबमोजिमको रू ४९,२१,४८०।- (उनान्चास लाख एक्काइस हजार चार सय असी) र सोही ऐनको दफा ५७(१ग) बमोजिमको रू १,०९,५००/- (एक लाख नौ हजार पाँच सय) गरी जम्मा रू. ५०,३०,९८०।- (पचास लाख तिस हजार नौ सय असी) नगद धरौटी माग गरिएकोमा सो धरौटी रकम निजले बुझाउन नसक्ने भनी कागजसमेत गरेको देखिएको अवस्था छ। यसरी कानूनमा लेखिएबमोजिमको माग भएको धरौटी नबुझाएको हुँदा जलेश्वर भन्सार कार्यालय, मालिवाडा, महोत्तरीको च.नं.२१६ मिति २०८०।०६।२३ गतेको थुनुवा पुर्जीबमोजिम कारागार कार्यालय, जलेश्वर महोत्तरीमा थुनामा रहेको वस्तुस्थितिलाई हेर्दा रिट निवेदक/प्रतिवादी सुरेश बललाई गैरकानूनी थुनामा राखेको मान्न मिल्ने अवस्था विद्यमान रहेको नदेखिने।

रिट निवेदक/प्रतिवादी सुरेश बललाई भन्सार ऐन, २०६४ को दफा ४१ (१) र (२) तथा दफा ५७ (१क) र (१ग) समेतको कानूनी व्यवस्थाको रोहबाट माग गरेको धरौटीबापतको रकम दाखेला नगरेको/ नबुझाएको कारण निज निवेदक थुनामा रहेको अवस्थाको विद्यमानता रहेको देखिएको र यसरी भन्सार छली कसुर मुद्दामा कानूनबमोजिमको प्रक्रिया (Due process of law) पूरा गरी थुनामा राखिएको अवस्थामा निवेदकले निवेदनमा दाबी लिएजस्तो निजलाई गैरकानूनी रूपमा थुनामा राखिएको वा बदनियतपूर्वक थुनामा राखिएको भन्न मिल्ने अवस्था नदेखिँदा निवेदक मागबमोजिम बन्दी प्रत्यक्षीकरणको

आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - मोहनप्रसाद बेल्बासे

कम्प्युटर : पुजा कँडेल

इति संवत् २०८० साल मंसिर ०६ गते रोज ४ शुभम् ।

**३८**

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-WO-१०४१, उत्प्रेषण / परमादेशलगायत अन्य आवश्यक आज्ञा आदेश जारी गरिपाऊँ, नविन ढकाल वि. तिलोत्तमा नगरपालिकाको कार्यालय, मणिग्राम, रूपन्देही, प्रदेश नं. ५ समेत*

निवेदकले आय ठेक्का नं. १८ को ठेक्काबमोजिमको सम्झौता गरी कबोल रकम दाखिल गर्ने लक्ष्य नै लिएको देखिँदैन । निवेदकले गोप्य सिलबन्दी दाखिल गर्दा रू.१,६८,६९,९९६।- रकम कबुल गरेको र त्यसको ५ प्रतिशत धरौटी दाखिल गर्नुपर्ने नगद रू.१,४५,०००।- र बैंक जमानत (Bid Bond) रू.६,९८,४५०।- पेस गरेको देखिन्छ । सो ठेक्काका लागि विपक्षी तिलोत्तमा नगरपालिकाले आन्तरिक प्रयोजनका लागि तोकेको न्यूनतम रकम मु.अ.करसहित रू.९२,०१,८१६।- रहेकोमा सोभन्दा झन्डै ७५ लाखभन्दा बढी अङ्क कबुल गरेको अवस्था देखिएपछि अति मूल्याङ्कन गरी बोलपत्र दाखिल गरेको धरौटीबापतको ७ लाख रकम जफत भए पनि बचत हुने रकम बढी नै रहने देखी ठेक्का सम्झौता गरी ठुलो घाटा हुन सक्ने अवस्थाबाट जोगिन कार्य सम्पन्न गर्नेभन्दा नगर्नेतर्फ निवेदक अग्रसर भएको निवेदकका निस्क्रिय गतिविधिबाट देखिएको छ । निवेदक कम्पनी काठमाडौं स्थित रहे पनि निवेदकको तिलोत्तमा नगरपालिकामा स्थानीय प्रतिनिधि रहेभएको अवस्थामा निजले ठेक्का सम्झौता गर्ने वा सोसम्बन्धमा ठेक्का आहवानकर्ता नगरपालिकासँग सम्पर्क गर्ने कुनै प्रयास गरेको नदेखिनु र एउटै घाटका ६ ठेक्काहरूमध्ये ठेक्का नं. १७,१९,२०,२१ को बोलपत्र स्वीकृत भई ठेक्का प्राप्त गरेको बोलपत्रदाताहरूले नगरपालिकासँग सम्झौता गरी काम सम्पन्न गरिसकेको देखिँदा निवेदकले ठेक्काबमोजिमको कार्यसम्पन्न गर्न नसकेको कारणका रूपमा लिएका जिकिर तर्कसङ्गत तथा विश्वसनीय नदेखिएको हुँदा मागबमोजिम रिट जारी गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिने ।

अतः समानस्तरका ठेक्का नं. १७,१९,२०,२१ का बोलपत्र दाताका प्रतिनिधिहरूले खरिद सम्झौता गरी कार्य सम्पन्नसमेत गरिसकेको भन्ने विपक्षी तिलोत्तमा नगरपालिका कार्यालयबाट पेस भएका कागजातहरूबाट देखिन आएको र निवेदक कम्पनी खरिद सम्झौता गर्न उपस्थित नभई म्याद गुजारी बसेको अवस्थामा तिलोत्तमा नगरपालिका सार्वजनिक खरिद नियमावलीको नियम १४०(३) बमोजिम निवेदकले राखेको धरौटी (बैंक जमानत) जफत गर्ने गरी मिति २०७७।०२।२५ मा तिलोत्तमा नगरपालिकाको कार्यालयबाट भएको निर्णय एवम् पत्राचारसमेत कानूनसम्मत नै देखिएकाले उत्प्रेषणको आदेशले बदर गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गम्भीर राना मगर

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ २४ गते रोज ३ शुभम् ।

३९

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RB-०१०५, बैंकिङ कसुर, सुशिल नेपाल वि. नेपाल सरकार*

प्रतिवादी सुशिल नेपालले दुर्गामाश्रीता सहकारीबाट व्यापारिक प्रयोजनको लागि ऋण लिएबापत आफैँले सही गरेको एन.एम.बि बैंकको चेक धरौटीमा राखेको र सो चेक उपलब्ध गराउँदा आफ्नो खातामा पर्याप्त रकम रहे नरहेको थाहा नभएको भनी प्रतिवादीले अदालतमा बयान गरेको पाइयो । मौकामा

बुझिएका प्रकाश के.सी.ले मौकामा कागज गर्दा प्रतिवादीले कारोबारको सिलसिलामा जाहेरवालालाई दिनुपर्ने रकम रू. ६,५०,०००।- बैंकमार्फत भुक्तानी लिनु भनी निजले सञ्चालन गरेको गर्ल्स हेभन कम्पनीको नाममा रहेको एन.एम.बि बैंक, तीनकुने शाखाको चेक काटिदिएको र चेक साट्न जाँदा एन.एम.बि बैंक, तिनकुने शाखाले खातामा पर्याप्त रकम नभएको हुँदा रकम भुक्तानी दिन नसकिने भनी फिर्ता गरिदिएको हो भनी कागज गरिदिएको पाइन्छ । चेक भुक्तानीका लागि बैंकमा पेस गरेकोमा खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भन्ने मिसिल संलग्न एन.एम.बि बैंक, बबरमहल शाखाको पत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी सुशिल नेपालले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिएको र सो चेकको भुक्तानी हुन नसकेको भन्ने देखिन आयो । प्रतिवादीले जाहेरवालालाई रू. ६,५०,०००।– (छ लाख पचास हजार रूपैयाँ) नगदै भुक्तानी गरिसकेको र घरायसी कार्य व्यस्तताका कारण धरौटीबापत राखेको चेक फिर्ता लिन नभ्याएको भन्ने दाबीको सम्बन्धमा कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । ठोस प्रमाणको अभावमा प्रतिवादीको मौखिक जिकिरलाई प्रमाणका रूपमा ग्रहण गर्न मिल्ने नदेखिएको हुँदा त्यसतर्फ विवेचना गरिरहन नपर्ने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी-जानी चेक काटिदिन नहुने भनी उल्लेख भई कसैले पनि आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा चेक काटिदिई सो चेकको भुक्तानी हुन नसकेमा उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम कसुर मानिने कानूनी व्यवस्था रहेको छ । प्रतिवादीले जाहेरवालालाई चेक दिँदाको समयमा आफ्नो खातामा पर्याप्त रकम भए नभएको कुरा थाहा नभएको भनी दिएको बयानले आफ्नो नाममा रहेको बैंक खाताको चेक जारी गर्नेजस्तो गम्भीर विषयमा संवेदनशील नभई चेकमा हस्ताक्षर गरिदिएको देखिन्छ । उक्त चेक भुक्तानीका लागि बैंकमा पेस गर्दा प्रतिवादीको खातामा चेकमा उल्लिखित रकम खाम्ने मौज्दात नरहेको भन्ने मिसिल संलग्न एनएमबि बैंकको मिति २०७६।०४।०३ को पत्रबाट देखिन आउँछ । चेकमा भएको दस्तखतसमेत आफ्नो भएको तथ्य स्वीकार गरी प्रतिवादीले अदालतमा बयान गरेको पाइयो । प्रतिवादीले उजुरीकर्तालाई सबै रकम फिर्ता गरिसकेको हुँदा कुनै रकम बुझाउन बाँकी नरहेको भनी जिकिर लिए तापनि सो जिकिर पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको नदेखिने।

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीले अदालतसमक्ष गरेको बयान, मौकामा बुझिएका मानिसको मौकाको कागज एवम् चेक भुक्तानीका लागि बैंकमा पेस गरेकोमा खातामा पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भन्ने मिसिल संलग्न एन.एम.बि. बैंकको पत्रसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी सुशिल नेपालले आफ्नो खातामा मौज्दात रकम भए नभएको यकिन नगरी चेक काटिदिएको र सो चेकको भुक्तानी हुन नसकेबाट उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन, २०७३) को दफा ३(ग) बमोजिमको कसुर कायम हुन आयो । यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा उच्च अदालत, पाटनबाट प्रतिवादी सुशिल नेपाललाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को (पहिलो संशोधन २०७३) को दफा ३(ग) बमोजिमको कसुर गरेको देखिँदा सोही ऐनको दफा १५(१) बमोजिम १(एक) दिन कैद र चेकको रकम बराबरको रू.६,५०,०००/- (छ लाख पचास हजार रूपैयाँ) जरिवाना भई उक्त बिगो रकम रू.६,५०,०००/- (छ लाख पचास हजार रूपैयाँ) जाहेरवालालाई भराई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३)

बमोजिम प्रतिवादीलाई जरिवाना भएको रकमको ४(चार) प्रतिशतले हुने रू.२६,०००।– (छब्बिस हजार रूपैयाँ) प्रतिवादीले क्षतिपूर्ति शुल्कबापत बुझाउनुपर्ने ठहऱ्याई भएको मिति २०७७।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादी सुशिल नेपालको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ मार्ग २५ गते रोज १ शुभम् ।

४०

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-RB-०५९२, बैंकिङ कसुर, दिलिप कुमार कार्की वि. नेपाल सरकार*

प्रतिवादी दिलिप कुमार कार्कीले इँटा भट्टा सञ्चालन गर्ने क्रममा इँटा पोल्ने कोइला किन्न पैसा भएन, अहिले मलाई रकम दिई सहयोग गर्नुहोस, केही महिनापछि फिर्ता गर्छु भनेकोले मैले प्रतिवादीलाई रू. २०,००,०००।- (बिस लाख) रूपैयाँ दिएको थिएँ। निजले फिर्ता गर्छु भनेको समय नाघेपछि मैले निजसँग रकम माग गर्दा आलटाल गर्दै आएकोमा मिति २०७४।०२।१६ गते म निजको घरमा गई रकम माग गर्दा निजले मलाई नबिल बैंक लि. को निजको खाता नं. १८१००१७५०००८५ को मिति २०७४।०७।१६ गते रू. २०,००,०००।- (बिस लाख) को चेक काटिदिई रकम भुक्तानी लिनु भनेकोमा मैले चेकमा उल्लेख रकम भुक्तानीको लागि सम्बन्धित बैंकमा पेस गर्दा रकम नभएको भनी निजलाई पटकपटक जानकारी गराउँदा निजले कुनै वास्ता नगरेकोले चेक बाउन्स गरी ऐनको म्यादभित्र जाहेरी दिन आएको छु। निज प्रतिवादीले जानीजानी आफ्नो खातामा रकम नभएको चेक काटिदिई बैंकिङ कसुर गरेकोले निज प्रतिवादीबाट मैले पाउनुपर्ने रकम दिलाइ भराई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिने ।

पुनरावेदकको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, जाहेरवालाबाट मैले रू.८,००,०००।– (आठ लाख) मात्र लिएकोमा सो रकममध्ये पटकपटक गरी बैंकमार्फत रू.५,००,०००।– (पाँच लाख) बुझाइसकेको छु । अदालतबाट फैसला हुँदा मैले बुझाएको रकम बिगोबाट घट्नुपर्नेमा नघटाई रू.२०,००,०००।- (बिस लाख) नै बिगो कायम गरी भएको फैसला त्रूटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर रहेकोमा निजले पेस गरेको एस.वी.आई. बैंकको खाता नं. १९२१५२४१४०३८८९ बाट मिति २०७४।०२।२२ गते रू.१,००,०००।– (एक लाख) र १४७७७३९६ बाट रू.४,००,०१५।– (चार लाख पन्ध्र रूपैयाँ) खाताको चेकमार्फत विपक्षी जाहेरवालाले पाउने गरी निजको आइ.पि.एस. सिटिजन्स बैंकमा रहेको खातामा मिति २०७४।०७।२३ गते जम्मा गरिदिएको विवरण खाताको बैंक स्टेटमेन्टबाट देखिन आएबाट जाहेरवालाले पाउनुपर्ने रू. २०,००,०००।- (बिस लाख) मध्ये रू. ५,००,०१५।– (पाँच लाख पन्ध्र रूपैयाँ) फिर्ता पाइसकेको अवस्था हुँदा बिगोको हकमा उच्च अदालत पाटनको फैसला सो हदसम्म केही उल्टी भई बिगो १४,००,९८५।- (चौध लाख नौ सय पचासी रूपैयाँ) कायम भई प्रतिवादीलाई सोही बिगोबमोजिम जरिवाना हुने र जाहेरवालाले प्रतिवादीबाट रू.१४,००,९८५।- (चौध लाख नौ सय पचासी रूपैयाँ) भराइपाउने।

अतः प्रतिवादी दिलिपकुमार कार्कीले अभियोग मागदाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) को कसुर गरेकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा १५(१) बमोजिम चेकमा लेखिएको रकम रू.२०,००,०००।- (बिस लाख) मध्ये रू.५,००,०१५।– (पाँच लाख पन्ध्र रूपैयाँ) जाहेरवालाले पाइसकेको देखिँदा सो रकम घटाई रू.१४,००,९८५।- (चौध लाख नौ सय

पचासी रूपैयाँ) बिगो कायम हुनुपर्नेमा सो नगरी रू.२०,००,०००।- (बिस लाख) बिगो कायम गरेको हदसम्म उच्च अदालत पाटनको मिति २०७४।१२।१२ को फैसला केही उल्टी भई रू.१४,००,९८५।- (चौध लाख नौ सय पचासी रूपैयाँ) बिगो रकम प्रतिवादीबाट जाहेरवाला रेखा भन्डारीले भराइपाउने तथा प्रतिवादीलाई बिगोबमोजिम रू.१४,००,९८५।- (चौध लाख नौ सय पचासी रूपैयाँ) जरिवाना हुने । कैदको हकमा १ (एक) महिना कैद सजाय हुने ठहर्‍याई भएको उच्च अदालत पाटनको मिति २०७४।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गम्भिर राना मगर

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०८० वैशाख ०६ गते रोज ४ शुभम् ।

४१

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-०४०९, उत्प्रेषण, लिलावती चन्दसमेत वि. कञ्चनपुर जिल्ला अदालत, महेन्द्रनगरसमेत*

शान्तिदेबी खत्री वादी र गणेश चन्दसमेत प्रतिवादी भएको जग्गा खिचोला मुद्दामा कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६९।०३।२८ मा प्रतिवादीहरूले जग्गा खिचोला गरेको ठहर भई भएको वादीले चलन चलाइपाउने भनी भएको फैसलाउपर पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन परेकोमा जिल्ला अदालतकै फैसला सदर हुने गरी पुनरावेदन अदालतबाट मिति २०७०।१२।१२ मा फैसला भएको पाइन्छ । उक्त फैसलाउपर यस अदालतमा कुनै किसिमको निवेदन परेको नदेखिएबाट सो फैसला अन्तिम भई बसेकोमा फैसलाअनुरूप वादीले जग्गा चलन चलाइपाउनुपर्नेमा प्रतिवादीहरूले फैसलाबमोजिमको कार्य नगरी बसेको कारण शान्तिदेवी खत्रीले मिति २०७१।०८।१६ मा कञ्चनपुर जिल्ला अदालतमा फैसला कार्यान्वयन गराइपाउन निवेदन दिएको देखिन्छ । अदालतबाट पहिले भएको फैसला कार्यान्वयन हुन अवरोध गरेकोले रिट निवेदकहरूलाई जनही एक महिना कैद गरी वादीलाई चलन चलाइदिनु भनी कञ्चनपुर जिल्ला अदालतबाट आदेश भएकोमा सो आदेश बदर गराउन निवेदकले उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा पुनरावेदन परेकोमा उच्च अदालतबाट जिल्ला अदालतको आदेश सदर भएको पाइने।

त्यसैगरी, यसै अदालतको पूर्ण इजलासबाट निवेदक रामदेव यादव विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा (ने.का.प. २०६८, अङ्क ८, निर्णय नं. ८६६५) "मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निरूपण भई टुङ्गो लागिसकेको विषयवस्तुमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुन जाने हुन्छ" भन्ने प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा उठान गरिएको विषयवस्तु साधारण क्षेत्राधिकारअन्तर्गत नै निरूपण हुनसक्ने प्रकृतिको रहेको र मातहत अदालतबाट समेत कानूनबमोजिम निर्णय भई अन्तिम भएको अवस्थामा सोही विषयवस्तुलाई असाधारण क्षेत्राधिकारको मार्गबाट उपचार दिन मिल्ने देखिँदैन । जिल्ला तथा उच्च अदालतले गरेको फैसलाउपर चित्त नबुझेको खण्डमा साधारण अधिकारक्षेत्रअन्तर्गत यस अदालतमा निवेदन गर्ने अधिकार रिट निवेदकहरूलाई रहेको भए तापनि सो मार्ग अवलम्बन नगरी फैसला कार्यान्वयनमा अवरोध गरेका कारण एक महिना कैद सजाय हुने गरी वादीले चलन चलाइपाउने भनी जिल्ला अदालतबाट भएको आदेश उच्च अदालतबाट समेत सदर भएको अवस्थामा सो आदेश बदर गरिपाउन रिट क्षेत्राधिकारमा प्रवेश गर्न मिल्ने नदेखिने ।

तसर्थ, रिट निवेदकहरू लिलावती चन्द, गणेश चन्द र देवकी चन्दसमेतलाई जनही एक महिना कैद हुने गरी पुनः चलन चलाइदिनु भनी कञ्चनपुर जिल्ला अदालतबाट भएको आदेश परिवर्तन गरिरहनुपरेन भनी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको आदेशमा कानूनको कुनै त्रूटि भएको नदेखिएको, फैसला कार्यान्वयन गर्न सघाउनु मुद्दाका दुवै पक्षहरूको दायित्व रहेको र मुद्दामा नियमित प्रक्रियाबाट तहतह हुँदै सामान्य अधिकार क्षेत्रअन्तर्गत कानूनबमोजिम भएको आदेशमा असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा मागबमोजिम रिट जारी गर्न नमिल्ने।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्जय गुरूङ

इति संवत् २०७९ माघ २२ गते रोज १ शुभम् ।

४२

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या. तिलप्रसाद श्रेष्ठ,** *०८०-WH-००६४, बन्दीप्रत्यक्षीकरण, अविनाश चौधरी वि. उच्च अदालत पाटन, संयुक्त वाणिज्य इजलास, ललितपुरसमेत*

फौजदारी मुद्दामा प्रतिवादीको नाउँका म्याद सूचना तामेली सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(१) बमोजिम जारी भएको समाह्वान जुन व्यक्तिको नाममा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनुपर्छ भन्ने किटानी व्यवस्था दफा ६१ (१) र (२) मा रहेको पाइन्छ। सम्बन्धित व्यक्ति फेला नपरे वा बुझी नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगिसकेको कुनै व्यक्तिलाई बुझाउन सकिने भनी ऐ.संहिताको दफा ६१(३) मा व्यवस्था गरिएको छ भने सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएकोमा स्थानीय तहको सम्बन्धित वडा समितिका सदस्य उपलब्ध भए निज र निज पनि उपलब्ध नभए कम्तीमा २ जना स्थानीय व्यक्तिसमेत राखी आफ्नो तथा निजहरूको समेत सहीछाप गराई एकप्रति निजको घर दैलोमा टाँसी, एकप्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई, एकप्रति तामेली समाह्वान अदालतमा दाखिल गर्नुपर्ने छ भन्ने ऐ.संहिताको दफा ६१(४) मा व्यवस्था भएको देखिन्छ । साथै, घर ठेगाना नखुलेका कारण समाह्वान अदालतमा फिर्ता भएमा अदालतले निज बसोबास गरेको ठाउँ वा ठाउँ नखुलेमा वादी पक्षलाई समेत बुझी आवश्यकता अनुसार ठेगाना खुलाई अर्को समाह्वान जारी गर्नुपर्ने भन्ने ऐ. सहिताको दफा ६१(७) मा व्यवस्था भएको पाइन्छ । यसै गरी कुनै समाह्वान दफा ६१ बमोजिम तामेल गर्न नसकिएकोमा अदालतले त्यस्तो समाह्वानको बेहोरा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको कुनै दैनिक पत्रिकामा सूचना प्रकाशन गरी म्याद तामेल गर्न सक्ने छ भन्ने व्यवस्था ऐ. सहिताको दफा ६२(१) मा देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाको अर्थ र मनसाय प्रतिवादीले आफूउपर लागेको अभियोगको सूचना पाउनुपर्ने र सोको प्रतिवादको लागि पर्याप्त अवसर पाउनुपर्दछ भन्ने रहेकोमा अन्यथा मान्नुपर्ने नदेखिने।

रिट निवेदकले पेस गरेको मिति २०८०।०३।१३ को सप्तरी जिल्ला, कन्चनपुर नगरपालिका वडा नं. ३ कार्यालयको सिफारिस हेर्दा यी निवेदक विगत १० वर्षदेखि काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. १० मा बसोबास गरी ट्राभल एजेन्सीको काम गर्दै आएको भन्ने देखिन्छ । निवेदकउपर चलेको बैंकिङ कसुर मुद्दाको जाहेरी दरखास्त र अभियोगमा समेत निवेदक प्रतिवादीको वतन जिल्ला सप्तरी, साबिक बरमझिया गा.वि.स. वडा नं. १ परिवर्तित कन्चनरूप नगरपालिका वडा नं. ३ घर भई का.जि. टोखा नगरपालिका वडा नं. १० भनी उल्लेख भएको देखिँदा निवेदकको हालको वतन का.जि., टोखा नगरपालिका वडा नं. १० रहेको भन्ने देखियो । निवेदक हाल बसोबास रहेको उक्त

टोखा नगरपालिका वडा नं. १० मा म्याद तामेल नभई निवेदकको नामको म्याद मिति २०७९।११।०७ मा सप्तरी जिल्ला, कन्चनरूप नगरपालिका वडा नं. ३ मा तामेल भएको देखिने।

अब, हाल कारागार कार्यालय भद्र जगन्नाथदेवलमा थुनामा रहेका निज निवेदक अविनाश चौधरीलाई अभियोगबमोजिम बैंकिङ कसुर मुद्दामा उपस्थित गराई अदालतको रोहमा म्याद बुझाई थुनछेक आदेशलगायतका प्रक्रियामा संलग्न गराई पुनः कानूनबमोजिम गर्नु गराउनु भनी परमादेशको आदेशसमेत जारी हुने । रिट निवेदक बैंकिङ कसुर मुद्दाको अभियुक्त रहेको र उक्त बैंकिङ कसुर मुद्दामा पुनः म्याद जारी गरी कानूनबमोजिम मुद्दाको काम कारबाही अघि बढाउनुपर्ने अवस्था देखिँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिरहन नपर्ने।

इजलास अधिकृत : रामप्रसाद पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल भाद्र २७ गते रोज ४ शुभम् ।

४३

**मा.न्या.श्री कुमार रेग्मी र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-WO-१४८६, उत्प्रेषणसमेत, शुभलक्ष्मी मेटल इन्डस्ट्रिज प्रा.लि., बारासमेत वि. श्रम अदालत, काठमाडौंसमेत*

श्रमिक रामबाबु महतो तत्मालाई निवेदक प्रतिष्ठानले मिति २०७६।०५।२९ मा सेवाबाट हटाउने निर्णय गर्नुअगाडिसमेत निज विरूद्ध सामान्य प्रकृतिका कारबाही भएको देखिन्छ। निवेदक प्रतिष्ठानबाट विपक्षी रामबाबु महतो तत्माले श्रम ऐन, २०७४ को दफा १३१ को उपदफा २(ग) बमोजिम खराब आचरण गरेको तथा उद्योगमा हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कम्पनीले खटाएको काममा हेलचेक्र्याइँ गरी उद्योगमा क्षति पुऱ्याएको भनी ऐ. ऐनको दफा १३१(२) बमोजिम एक दिन बराबरको पारिश्रमिक कट्टा गर्ने सजायको आदेश किन नदिने भनी विभिन्न मिति २०७५।०९।१३, २०७६।०१।२२, २०७६।०५।१२ मा स्पष्टीकरण सोधिएकोमा विपक्षी रामबाबु महतो तत्माबाट क्रमशः मिति २०७५।०९।१७, २०७६।०२।०१, २०७६।०५।२० मा उद्योगले लगाएको र दिइएको जिम्मेवारी निर्वाह गर्दै आएको तथा कम्पनीले खटाएको काममा लगनशील भई कार्य गर्दैआएको भनी स्पष्टीकरण पेस गरेको देखिन्छ । प्रस्तुत विवादको सन्दर्भ र आरोप लगाइएका विषयवस्तु हेर्दा यसमा कम्पनीले लगाएको आरोप विपक्षी कामदारले ऐ. ऐनको दफा १३१ को उपदफा (१)(२)(३) अन्तर्गतका खराब आचरणअन्तर्गतसम्मको देखिए पनि यस पटक सोही खराब आचरणको सन्दर्भमा ऐ.ऐनको दफा १३१ को उपदफा (४)(क) को आरोप लगाई सेवाबाट हटाउनेसम्मको निर्णय भएको देखिन्छ। यसरी निवेदक प्रतिष्ठानले लगाएको आरोप पुष्टि हुन नसकेका कारण ऐ.ऐनको दफा १३१ को उपदफा ४(क) बमोजिमको सजाय मनासिब नदेखिएको हुँदा श्रम अदालतबाट उक्त निर्णय बदर गर्ने गरी भएको निर्णयलाई अन्यथा मान्नुपर्ने नदेखिने।

अतः विपक्षी कामदार रामबाबु महतो तत्माले गरेको आचरण श्रम ऐन, २०७४ को दफा १३१ को उपदफा ४(क) बमोजिमको सजाय गरी सेवाबाट हटाएको प्रकृतिको हो भन्ने पुष्टि हुने ठोस प्रमाण निवेदक प्रतिष्ठानबाट पेस हुन नसकेको भनी श्रम अदालतले गरेको मिति २०७८।०९।०८ को फैसला कानूनसम्मतको रहेको देखिँदा त्यसलाई अन्यथा गरिरहनु परेन। श्रम अदालतको मिति २०७८।०९।०८ को फैसलाबाट निवेदकलाई संविधान एवम् कानूनद्वारा प्रदत्त हकमा कुनै असर परेको देखिन नआएकोले निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : देवेन्द्र पौडेल

इति संवत् २०७९ साल चैत्र १५ गते रोज ४ शुभम्।